**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं ।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत १० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०३

## ठाकुर राम क्याम्पसको ताला खुल्यो, विवाद यथावत्

प्रस, वीरगंज, ९ चैत/

ठाकुर राम बहुमुखी क्याम्पसमा लगाइएको तालाबन्दी बिहीवार सहमतिमा खुलेको छ ।



तालाबन्दी खुलाउन बसेको बैठकका सहभागीहरू र विवाद साम्य पार्न प्रयास गर्दै प्रहरी । तस्वीरः प्रतीक

क्याम्पसप्रमुख डा उमेश चौरसियाको अध्यक्षतामा तालाबन्दी गरेका विद्यार्थीहरूसँगको छलफल भएको र यही चैत मसान्तमा स्ववियु निर्वाचन गराउन त्रिभुवन विश्वविद्यालयसँग पहल गर्ने सहमतिमा ताला खुलेको हो ।

तालाबन्दी गरेका विद्यार्थीहरूले यही चैत मसान्तमा स्ववियुको निर्वाचन गर्नुपर्ने माग राखेका थिए । चैत ५ गते घोषित स्ववियुको निर्वाचन ठाराब क्याम्पसमा विवादका कारण चैत ८ गते सारिएको थियो र सो मितिसम्म विवाद मत्थर नभएपछि प्रजिअ हीरालाल रेग्मीको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले जेठ १३ गते स्ववियु निर्वाचनको मिति तोकेको थियो । जेठ १३ गते स्थानीय प्रशासनको पहलमा स्ववियु निर्वाचनको मिति तोकिएको विरोधमा नेविसङ्घको एउटा समूहले क्याम्पसमा तालाबन्दी गरेको थियो ।

यही चैत १२ गतेदेखि क्याम्पसमा स्नातक चौथो वर्षको परीक्षा हुन गइरहेकोले क्याम्पस प्रशासनको पहलमा शुरू भएको वार्ताले आज सार्थकता पाएको र तालाबन्दी खुलेको हो । आजको सहमतिलाई कार्यान्वयन गराउनका लागि क्याम्पस प्रशासनले त्रिविविलाई चैत मसान्तमा स्ववियु निर्वाचनको लागि सिफारिश गर्ने भएको छ । तर त्रिविविले सो सिफारिश कार्यान्वयन गराउने आशा भने क्षीण रहेको स्रोतले जनाएको छ ।

यसैबीच, नेविसङ्घ, पर्साका अध्यक्ष रमेश यादवले आज विज्ञप्ति जारी गर्दै यसअघि जेठ १३ गते तोकिएको समयमैं स्ववियु निर्वाचन गराउन माग गरेका छन् । उनले नेविसङ्घको आवरणमा परीक्षाको मुखमा क्याम्पसमा गरिएको तालाबन्दीको भर्त्सना पनि गरेका छन् । तालाबन्दीमा नेविसङ्घको संलग्नता नरहेको प्रस्टयाउँदै अध्यक्ष यादवले जेठ १३ गते नै निर्वाचन गराउन माग गरेका छन् ।

## गर्मी शुरू भएसँगै प्रदूषणलाई लिएर चिन्ता

प्रस, सेढवा, ९ चैत/

पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुरस्थित शिवम् लेयर्स फार्म प्रालिका कारण सो आसपासका गाउँलेहरूले समस्या भोग्दै आएका छन् ।



पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुरस्थित शिवम् लेयर्स फार्म प्रालि । तस्वीरः प्रतीक

शिवम् लेयर्स फार्म प्रालिमा पचास हजारभन्दा बढी कुखुरा पालन गरिएको र फार्मबाट उत्पन्न वायु प्रदूषण तथा झिंगाका कारण आसपासका मानिसहरूलाई दैनिकीमा समस्या हुनुका साथै विभिन्न रोगले ग्रसित भएका छन् । पटेर्वासुगौली गापा–१, २, ३ अन्तर्गत पर्ने मकवानीटोल, वनकटवा, चापी, भाथा, थरघटी, धर्मबस्ती, रामपुर, बैजनाथपुर र रङ्गपुरका मानिसहरू सो फार्मको प्रदूषणको प्रत्यक्ष शिकार हुँदै आएका छन् ।

पटेर्वासुगौली गापा–२ थरघटी निवासी मीना देवीले फार्मको प्रदूषण र सोबाट विकसित भएका झिंगाका कारण घरमा खाना खान पनि समस्या हुने गरेको बताइन् ।

प्रदूषणका कारण बसिनसक्नु हुने र खान बसेका बेलामा गासैपिच्छे झिंगा फालेर खानुपर्ने बाध्यकारी अवस्था रहेको बताइन् । उनले प्रदूषण र झिंगाका कारण झाडापखाला, ज्वरो र चर्मरोगले गाउँलेहरू पीडित रहेको बताइन् ।

यो क्षेत्रमा रहेका विद्यालय, स्वास्थ्य संस्थाहरूमा पनि सधैं दुर्गन्धसँगै झिंगाको प्रकोप सहनुपरेको स्थानीय अभिताभ बच्चन चौधरीले बताए । उनले फार्म सार्नुपर्‍यो अथवा गाउँलेलाई अन्यत्र व्यवस्थापन गर्नुको विकल्प नभएको बताए । चौधरीले फार्मको कारण नर्कको जीवन जिउन बाध्य पारिएको बताएका छन् ।

जाडोयाम सकिएर गर्मीयाम शुरू भएसँगै प्रदूषण र झिंगाको थप प्रकोप बढ्ने उनले बताए । अहिले यस क्षेत्रका मानिसहरू झिंगाबाट जोगिन दिउँसै झुलभित्र बस्न बाध्य छन् । कतिपय मानिस झिंगाको कारण झुलभित्र बसेर खाने गरेको पटेर्वासुगौली–२ वनकटवाका सहदेव चौधरीले गुनासो गरे । उनले वातावरण प्रदूषण र झिंगाका कारण पाँच किलोमिटरसम्म गाउँमा भोजभतेर रोकिएको बताए । उनले यो क्षेत्रमा हुने उत्सवहरूमा पनि सोही प्रदूषणका कारण अन्यत्रबाट मानिसहरूको सहभागिता नहुने गरेको बताए ।

गापा कार्यपालिका सदस्य सविना विकले दुर्गन्ध र झिंगाको प्रकोपका बारेमा थाहा पाएका इष्टमित्र, आफन्तहरू अहिले गाउँमा आउन छाडेको र अहिले वैवाहिक कार्यक्रम पनि रोकिएको बताइन् । अन्यत्रका मानिसले छोरी दिन बन्द गरेकाले यो क्षेत्रका केटाहरूको विवाह प्रभावित हुँदै आएको उनले बताइन् ।

गर्मीयाम शुरू भएसँगै झाडापखाला, टाउको दुख्ने, ज्वरो लागेका बिरामीहरूको सङ्ख्या बढिरहेको स्वास्थ्य चौकी रङ्गपुरले जनाएको छ ।

सो फार्मले फैलाएको प्रदूषणका कारण आसपासका खेतीपाती पनि प्रभावित भएको छ ।

किसानहरूले लगाएका बाली धान, गहुँ, तोरीमा बाला नलाग्ने र लागेको बालामा पनि दाना लाग्ने नगरेको किसानहरूले बताए । उनीहरूले बगैंचामा फलफूल पनि नलागेको बताएका छन् ।

फार्मले सर्वत्र समस्या पारेपछि गापाले फार्मको अनुगमन गरेको थियो । फार्मको विरोधमा स्थानीयहरूको ठूलो आक्रोशपछि गापाले अनुगमन गरेको र फार्म बन्द गर्न सिफारिश गरेको उपाध्यक्ष ममता महतोले बताइन् । उनले पालिकाबाट फार्म बन्दका लागि छिट्टै परिपत्र जारी गरिने जानकारी गराइन् ।

## वडाध्यक्ष चौधरीलाई चौथोपटक म्याद थप

प्रस, निजगढ, ९ चैत/

कोल्हवी नगरपालिका–५ का





पक्राउ परेका वडाध्यक्ष चौधरीलाई राखिएको डिभिजन वन कार्यालय, सिमरा बाराको हिरासत । तस्वीरः प्रतीक

वडाध्यक्ष नन्दकिशोर चौधरी १३ दिनदेखि डिभिजन वन कार्यालय, सिमरा, बाराको हिरासतमा छन् । बारा जिल्ला अदालतले चौथोपटक बुधवार पनि पाँच दिनका लागि म्याद थप गरेपछि उनी लगातार वन कार्यालयको थुनुवा कोठामा बसेका छन् ।

वडाध्यक्ष चौधरीलाई सोही वडाको रामवनस्थित राष्ट्रिय वन क्षेत्रको साढे पाँच हेक्टर वन क्षेत्रमा तारबार गरी रोपिएका टिक, मसलालगायत अन्य प्रजातिका करीब नौ हजार बोटबिरुवा, लाथ्रा काटी, तारबार भाँची क्षति पुऱ्याउने कार्यमा संलग्नताको आरोपमा घटनास्थलबाट सशस्त्र वनरक्षकको टोलीले पक्राउ गरेको थियो । उनलाई फागुन २७ गते शनिवार बिहान पक्राउ गरिएको हो ।

उक्त वन क्षेत्रको स्थलगत निरीक्षण गर्न बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला वन सुरक्षा समन्वय समितिका अध्यक्ष नवराज सापकोटा आएको जानकारी पाएपछि वडाध्यक्ष चौधरी उपस्थित हुन आलटाल गरेका थिए । स्थानीयलाई उक्साइ उक्त वृक्षारोपण क्षेत्रमा हानिनोक्सानी पुऱ्याउने कार्यमा संलग्न रहेको भन्दै उनलाई पक्राउ गरी अनुसन्धान भइरहेको वन कार्यालयले जनाएको छ ।

वडाध्यक्ष चौधरीले सो वन क्षेत्रका बोटबिरुवा, लाथ्रा, तारबारमा हानिनोक्सानी पुऱ्याउने कार्यमा आफू संलग्न नभएको र कोही कसैलाई नउक्साएको बताउनु गरेका छन् ।

वृक्षारोपण गरिएको उक्त जमीन कब्जा गर्ने मनसायले हानिनोक्सानी पुऱ्याएको हुन सक्ने वन कर्मचारीहरूको आशङ्का छ । वडा कार्यालयबाट नापनक्शा बनाइ वन क्षेत्रको जमीन अतिक्रमण गरी खेतीपाती, घरटहरा बनाइएको बताइएको छ । डिभिजनल वन अधिकृत विनोद सिंहले वन क्षेत्रको जमीन नापनक्शा गर्न कसले आदेश दियो भन्दै कडाइ गर्दा वडाध्यक्ष चौधरीले दुर्व्यवहार गरेपछि प्रमुख सिंहले चौधरी तुरुन्तै पक्राउ गर्न आदेश दिएका थिए ।

वडाध्यक्ष चौधरी जनप्रतिनिधि नहुँदा पनि वन क्षेत्रको अतिक्रमित जमीन फिर्ता गराउने प्रयास गर्दा उनले अवरोध पुऱ्याउने गरेको वन कर्मचारीहरू बताउँछन् ।

"हिजो बुधवार चौथोपटक थुनामा राख्न पाँच दिनको लागि अदालतबाट म्याद थपिएको छ," प्रवक्ता एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले बताए ।

वडाध्यक्ष चौधरी पक्राउ परेकै दिन जिल्ला प्रशासन कार्यालय, बाराले उक्त क्षेत्रको संरक्षण गरी पुनः हरियाली बनाउने कार्य अघि बढाउन र घटनामा संलग्न जो कोहीलाई यथाशीघ्र पक्राउ गरी कानूनी कारबाहीको दायरामा ल्याउन डिभिजन वन कार्यालयलाई निर्देशन दिएको थियो । वन अतिक्रमित क्षेत्र, घरटहराहरू हटाइ वृक्षारोपण गर्न र आवश्यकता अनुसार सो क्षेत्रमा जनपद र सशस्त्र प्रहरीको विशेष निगरानी राखी संयुक्त गस्ती गर्ने निर्णय पनि भएको जिल्ला प्रशासन कार्यालय, बाराले जनाएको छ ।

## सिम्रौनगढ नगरपालिकाको तालाबन्दी खुल्यो

प्रस, सिम्रौनगढ, ९ चैत/

सिम्रौनगढ नगरपालिकामा चैत ५ गते आइतवार जनप्रतिनिधिहरूले लगाएको ताला बिहीवार दिउँसो सहमतिमा खोलिएको छ ।

जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख नवराज सापकोटाको अध्यक्षतामा बसेको बैठकले करार, अस्थायी, ज्यालादारी कर्मचारीहरूको व्यवस्थापनका विषयमा हिजो सहमति भएपछि आज दिउँसो १२ बजे नगरपालिका कार्यालयमा लगाइएको ताला खुलेको छ ।

नगरपालिकामा स्थायी कर्मचारी पदपूर्ति नहुन्जेलसम्म साबिक स्थानीय निकायबाट नियुक्त भएर नगरपालिकामा कार्यरत कर्मचारी, सिम्रौनगढ नगरपालिकाबाट नियुक्ति भएर हालसम्म कार्यरत कर्मचारी, प्राविधिक कर्मचारी एवं नगरपालिकालाई प्राप्त हुने ससर्त अनुदान शीर्षकबाट सेवासुविधा प्राप्त गर्नेगरी प्रक्रिया पूरा गरी नियुक्त भएका कर्मचारीलाई निरन्तरता दिने, सिम्रौनगढ नगरपालिकामा स्थायी कर्मचारी पदपूर्ति गर्ने, नपामा स्वीकृति भएका सबै तहका दरबन्दीलाई कार्यपालिकाको बैठकबाट निर्णय गरी प्रदेश लोकसेवा आयोग जनकपुरमा स्थायी पदपूर्तिका लागि लेखी पठाउने, सिम्रौनगढ नगरपालिकाको योजना शाखामा कार्यरत जीतेन्द्र यादवलाई अन्यत्र काममा लगाउने र विद्यमान इन्जिनीयरमध्ये नगरप्रमुखले उपयुक्त ठानेकालाई योजना प्रमुखको जिम्मेवारी दिने सहमति भएको छ ।

बैठकमा नगरप्रमुख किशोरीप्रसाद कलवार, प्रहरी उपरीक्षक होबिन्द्र





तस्वीरः प्रतीक

बोगटी, सशस्त्र प्रहरी उपरीक्षक तोपबहादुर डाडी, राष्ट्रिय अनुसन्धानका प्रमुख अभिनयकुमार सिंह, प्रमुख प्रशासकीय अधिकृत दिनेशकुमार न्यौपाने, वडाध्यक्ष दीनदयाल मुखिया, अरविन्द मुखिया, अजिउल्लाह अन्सारी, अवधेशकुमार सहनी, नन्दकिशोरप्रसाद जयसवाल, विवेक मेहता, रामएकबालप्रसाद यादव, राजकुमार यादव, सुरेन्द्रप्रसाद जयसवाल, उपप्रमुखका सल्लाहकार शेख मोतिम, नितेश यादवलगायत सहभागी थिए ।

## रोटरीद्वारा तीनजनालाई ह्वील चेयर वितरण



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ९ चैत/

रोटरी क्लब अफ वीरगंजले तीनजना अपाङ्गलाई ह्वील चेयर वितरण गरेको छ । वीरगंज–११ श्रीपुरका गफुर मियाँ, आलमा खातुन र जरिना खातुनलाई ह्वील चेयर वितरण गरिएको रोटरीका निर्मल खत्रीले बताए ।

कार्यक्रममा रोटरीका सोहन पोद्दार, दीपक तुल्स्यान र वडाध्यक्ष अजय चौरसियालगायतको सहभागिता थियो ।

**हार्दिक श्रद्धाञ्जलि**



जन्मः
विसं १९९२

स्वर्गारोहणः
२०७९/११/२८

**स्व युगलकिशोर प्रसादजी**

पुस्तक व्यवसायी सङ्घका सदस्य सुधीरकुमार गुप्ताका पूजनीय पिता **युगलकिशोर प्रसाद**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःखद क्षणमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**रोहित व्याहुत (अध्यक्ष)**
**नेपाल पुस्तक व्यवसायी सङ्घ, पर्सा परिवार**
**एवं लक्ष्मी पुस्तक भण्डार एन्ड स्टेशनरी**

## विचारसार र सूक्तिहरू

**जीवनको एक क्षण सुनको करोडौं मुद्रा दिएर पनि पाइँदैन, यदि त्यसलाई नष्ट गर्नुहुन्छ भने यसभन्दा ठूलो हानि अरू के हुन सक्छ ?**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# सूचना पाउनुपर्छ

**रौतहतको गरुडामा १२ बुँदे सूचना माग गर्दै नगरप्रमुख पदमा पराजित उम्मेदवार अनशन बसेका छन् । त्यसैगरी, वृन्दावन नपामा १७ बुँदे सूचना माग गर्दै नगरप्रमुख पदमा पराजित नेताहरू पाँचजना अनशन बसेका छन् । गरुडाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसमेत अनशनस्थलमा पुगेर अनशन तोड्न आग्रह गर्दै मागबमोजिमको सूचना उपलब्ध गराउने तर केही समय आवश्यक पर्ने बताएका छन् । यता वृन्दावनका नगरप्रमुखले भने विज्ञप्ति जारी गर्दै अनशनकारीहरूले माग गरे अनुसारको सूचना दिन असमर्थता जाहेर गरेका छन् । उनले हिसाब माग गरिएका सबै योजना निर्माण प्रक्रियामा रहेका भन्दै सम्पन्न नभएसम्म सूचना दिन नसकिने जनाएका हुन् ।**

**सूचना नदिनु मुलुकको संविधान तथा प्रचलित ऐन कानूनविपरीत हो । नेपालको संविधान २०७२ को मौलिक हकभित्रको धारा २७ को सूचनाको हकसम्बन्धी व्यवस्थामा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने र माग्ने हक हुनेछ' भनेर प्रस्ट लेखिएको छ । सोही संविधानबमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ र सूचनाको हकसम्बन्धी नियमावली २०६५ लागू भएको दशक नाघिसक्यो । सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई ऐनले वर्जित गरेका बुँदाहरूमा बाहेकका सूचनाको हक हुनेछ र प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायका सूचनामा पहुँच हुनेछ भनिएको छ । स्थानीय तह सार्वजनिक निकाय हो । यस्ता निकायमा कसैले सूचना मागून् या नमागून् आफूले सम्पादन गरेको कामको विवरण, आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणलगायत जनसरोकारका विभिन्न १३ वटा शीर्षकलाई तीन/तीन महीनामा अद्यावधिक गरिरहनुपर्छ । त्यसैका लागि पालिकाहरूको वेबसाइट सञ्चालन अनिवार्य गरिएको हो । योजना छनोट, योजना सम्झौता, पेश्की, कार्य प्रारम्भ, अनुगमन, फरफारकलगायतका सबै कुरा वेबसाइटमा अद्यावधिक गर्नुपर्छ । यसो भएमा योजनाबारे आर्थिक पारदर्शितासम्बन्धी सूचना माग्न कोही पनि पालिकाको कार्यालयमा पुग्नुपर्दैन । कतिपय पालिकाहरू कतिसम्म निकम्मा छन् भने वार्षिक योजनासमेत वेबसाइटमा राख्दैनन्, अर्थ मन्त्रालयले अनिवार्य गरेको सूत्रसमेत भर्दैनन् । सूचना माग गर्न कार्यालय पुग्नेहरूलाई विभिन्न बहानाबाजी गर्दै आलटाल गर्ने र दिनै परे अस्पष्ट वा अपूरो उपलब्ध गराउँछन् । कतिपय कार्यालयले सूचना मागकर्तालाई अमल्याउन र रकम धेरै खर्च गराउन अनावश्यक दस्तावेज तथा एउटै कुरा बुझाउने दोहोरो, तेहोरो श्रेस्ताको प्रतिलिपि गराएर हैरानी दिने गरेका छन् । यसो गर्नु भ्रष्ट मानसिकताको उपज हो ।**

**जुनसुकै उद्देश्यले मागोस् सूचना दिनैपर्छ । सूचनाको गलत प्रयोग भएमा कारबाई हुन्छ । सूचना दिनका लागि कार्यालयले १५ दिनसम्मको समय माग्नु कानूनसम्मत कुरा हो । सूचना अधिकृतले सूचना नदिए, कार्यालयप्रमुखकहाँ जाने, कार्यालय प्रमुखले पनि सूचना नदिए आयोग वा कानूनी प्रक्रियामा जाने व्यवस्था छ । सूचना उपलब्धताका साथै सम्बन्धित अधिकारीलाई दण्ड जरिवानाको समेत व्यवस्था छ । सूचना 'दिन्नँ भन्नु' र 'अहिले तु सूचना चाहियो' भन्नु दुवै कानूनविपरीत देखिन्छन् । लोकतन्त्रको मेरुदण्ड पारदर्शिता र पारदर्शिताको आधार सूचना हो । यसबाट कसैलाई वञ्चित गरिनुहुन्न ।**

# मधेस प्रदेशमा शिक्षाको दयनीय अवस्था

नेपालमा तराई–मधेसलाई शिक्षाको भूमि मानिन्थ्यो । राजर्षि जनकको मिथिलालाई ज्ञानभूमि मानिन्थ्यो । अष्टावक्र, गार्गी, मैत्रेयी, मण्डन मिश्र, भारती देवी, विद्यापतिलगायत एकसेएक विद्वान् यस क्षेत्रमा प्रसिद्ध थिए । आधुनिक नेपालको छ–सात दशक लामो शैक्षिक इतिहासको मात्रै चर्चा गर्ने हो भने पनि तराई–मधेसका गाउँघरदेखि पहाड एवं हिमालका दुर्गम क्षेत्रहरूमा समेत तराई मधेसकै शिक्षक हुन्थे । गणित, विज्ञान र अङ्ग्रेजीका शिक्षक, तराई–मधेसका व्यक्ति नै चारैतिर पाइन्थे । नेपाल सरकारको शिक्षा क्षेत्रमा मात्रै होइन, निजामती सेवामा समेत प्राविधिक कर्मचारीको रूपमा मधेसीहरू नै बढी हुन्थे । डाक्टर, इन्जिनीयर, कृषिविज्ञ र न्यायिक क्षेत्रमा समेत मधेसीहरूको उपस्थिति र भूमिका अग्रपङ्क्तिमा थियो तर यताका वर्षहरूमा मधेस क्षेत्रमा शिक्षाको स्तरमा ह्रास आएको छ । मधेस प्रदेश सरकार स्वयंले सार्वजनिक गरेको तथ्याङ्कमा यसको अवस्था सन्तोषजनक छैन । कमजोर शिक्षा अवस्था देखिएको छ ।

६१ लाख २६ हजार २८८ जनसङ्ख्या रहेको मधेस प्रदेशका आठ जिल्लामा ३२ निर्वाचन क्षेत्र र ६४ प्रदेशसभा क्षेत्र रहेका छन् । सन् २०१५ मा अर्थात् सात वर्ष अघि नै सहस्राब्दी विकास लक्ष्य अनुसार नेपाल पूर्ण साक्षर बनाउने अभियानमा ६१ जिल्ला पूर्ण साक्षर घोषित भइसकेका छन् तर मधेसको आठ जिल्ला परेका छैनन् । त्यतिमात्र होइन, मधेसको कुनै पनि स्थानीय तह साक्षर घोषणा भएको छैन । यसले के साबित गर्दछ भने मधेसमा शिक्षाको अवस्था दयनीय छ । तराई मधेसमा राजनीतिक चेतनाको अभाव छैन । २००७ सालमा राणाविरोधी आन्दोलन, २०१० सालमा किसान आन्दोलन, २०३०–३२ सालतिर नेकपा मालेको नक्सलाइट आन्दोलन, माओवादीको जनयुद्ध र मधेस विद्रोह सबैमा यस क्षेत्रको भूमिका अग्रणी एवं महत्त्वपूर्ण छ तर शिक्षाको विकास किन हुन सकेन ? मधेसी दलहरूको प्राथमिकतामा शिक्षाको स्थान नै छैन कि ? मधेस प्रदेशमा पाँच वर्षसम्म मधेसी दलकै नेतृत्वमा सरकार चल्यो । 'बेटी बचाऊ–बेटी पढाऊ' अभियान निकै चर्चित पनि रह्यो । यो अभियान अन्तर्गत छोरीलाई स्कूल पहुँचमा सहज होस् भन्ने अभिप्रायले छात्राहरूलाई साइकल पनि प्रदान गरियो । यसले छात्राहरूलाई केही हदसम्म विद्यालयमा पुग्न प्रेरित गर्‍यो तर साइकलको गुणस्तर र साइकल खरीद प्रकरणमा भएका भ्रष्टाचारको आरोपले यस अभियानलाई कमजोर बनाउने काम गर्‍यो । पूरै देशमा ६६ प्रतिशत साक्षरताको दर हुँदा पनि मधेस प्रदेशमा ४९.०५ मात्रै हुनु चिन्ताको विषय हो ।

### स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा ठाउँ–ठाउँमा हत्या, हिंसाको घटनासमेत हुने गरेको पाइन्छ । जबसम्म मधेस प्रदेशमा विद्यालय व्यवस्थापन समितिको प्रावधान समाप्त गरिंदैन र शिक्षा पूर्णतः जिल्ला शिक्षा कार्यालयको हातमा सुम्पिइँदैन, मधेस प्रदेशमा शिक्षाको स्तरमा सुधार आउने छैन ।**

विगत पाँच वर्षमा मधेस प्रदेशको सरकारले सस्तो लोकप्रियताका लागि एकपछि अर्को आयोग गठन गर्दै आएको छ तर आयोगको न कार्यालय हुन्छ, न त्यहाँ आवश्यक कर्मचारी र भौतिक पूर्वाधार नै । वर्तमान अवस्थामा प्रदेश सरकार सामु देखिएको प्रमुख चुनौतीमध्ये शिक्षाको खस्कँदो स्तरमा सुधार ल्याउनु आफैं बिरामी अवस्थामा रहेको स्वास्थ्य सेवालाई भिटामिन प्रदान गर्नु र मरणासन्न अवस्थामा रहेको उद्योगधन्दालाई आक्सिजन प्रदान गर्नु हो । चीट चोरेर पास गर्नेहरूको प्रतिशतले प्रदेशको शिक्षाको स्तरमा सुधार ल्याउन सक्ने छैन । सामुदायिक विद्यालयका भवनहरू बहुतल्ले, आकर्षक र भव्य छन् तर विद्यालयमा छात्रछात्राहरूको उपस्थिति कम रहेको पाइन्छ । कतिपय विद्यालयमा त विद्यालयका रजिस्टरमा मात्रै विद्यार्थीहरूको नाम हुन्छ । कक्षा कोठामा पठनपाठनका बेला तिनको उपस्थिति देखिंदैन । नामका लागि विद्यालयमा कम्प्युटरहरू पनि छन् तर ९० प्रतिशत सामुदायिक विद्यालयका कम्प्युटर प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा स्थानीय जनप्रतिनिधिको घरको शोभा बढाइरहेको हुन्छ ।

विद्यालय व्यवस्थापन समितिका कारण पनि शिक्षा मरणासन्न अवस्थामा पुगेको छ । विद्यालयमा पढ्ने छात्रछात्राका बुबाआमालाई मात्रै तिनको अभिभावक मान्नुपर्ने हो तर राजनीतिक लाभका लागि र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्नका लागि मात्रै पनि कृत्रिम अभिभावक बन्ने गाउँघरमा तँछाडमछाड नै भइरहेको हुन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनेपछि अवकाशप्राप्त शिक्षकको ठाउँमा अथवा नयाँ दरबन्दी सिर्जना गरी आफ्ना छोराछोरी, बुहारी, नातेदार र त्यो पनि सम्भव नभए तीन–चार लाख रुपियाँ लिएर आफ्नो मान्छेलाई अस्थायी तथा करारमा नियुक्ति दिने काम हुन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न मधेस प्रदेशमा १०–१५ लाखसम्म खर्च गर्नै गरिन्छ । यति खर्च शिक्षा क्षेत्रको विकासका लागि भइरहेको हुँदैन । यदि यस्ता व्यक्तिहरू साँच्चीकै शिक्षाप्रेमी हुन् भने सोझै विद्यालयको खातामा चन्दा दिन सक्छन् तर होइन, यिनीहरू शिक्षाप्रेमी र शिक्षासेवी होइनन्, शिक्षाजीवी हुन् । विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा ठाउँ–ठाउँमा हत्या, हिंसाको घटनासमेत हुने गरेको पाइन्छ । जबसम्म मधेस प्रदेशमा विद्यालय व्यवस्थापन समितिको प्रावधान समाप्त गरिंदैन र शिक्षा पूर्णतः जिल्ला शिक्षा कार्यालयको हातमा सुम्पिइँदैन, मधेस प्रदेशमा शिक्षाको स्तरमा सुधार आउने छैन । अब शिक्षा प्रादेशिक सरकार तथा स्थानीय सरकार मातहत आइसकेको छ । यस्तोमा शिक्षाको अवस्थामा सुधार ल्याउने काम पनि उपरोक्त सरकारहरूकै हो तर अहिलेसम्म यस दिशामा खासै प्रगति भएको छैन । मधेस प्रदेशमा केवल शिक्षा मात्रको विकास हुने हो भने पनि यस प्रदेशको सबै क्षेत्रको पर्याप्त प्रगति हुन सक्दछ ।

नेपाल सरकारले पनि शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा यसपालि १७.४२ प्रतिशतले बजेटमा कटौती गरेको छ । अर्थात् गत वर्ष उपरोक्त क्षेत्रमा ७० अर्ब खर्च हुने गरेकोमा यस वर्ष ५८ अर्ब जति मात्रै खर्च हुनेछ । शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा बजेट खर्च कटौती गर्नुको कारण बुझिएन । बजेटको दुरुपयोग भने रोकिनुपर्दछ । सुशासन र पारदर्शिता ल्याउनुपर्दछ तर बजेट कटौती गर्नुको अर्थ बुझिएन ? शिक्षाको विकास नभए कुनै पनि क्षेत्रको विकास हुँदैन ।

दक्षिण अफ्रिकाको एउटा विश्वविद्यालयको प्रवेशद्वारमा यस प्रकारको सूचना सबैको ध्यानाकर्षणका लागि टाँस गरिएको रहेछ, जसमा कुनै पनि मुलुकलाई ध्वस्त पार्न कुनै आणविक अस्त्र वा लामो दूरीसम्म प्रहार गर्ने क्षेप्यास्त्रको प्रयोग गर्नु आवश्यक छैन । यसका लागि त्यो मुलुकको शैक्षिक स्तर ध्वस्त पारिदिए पर्याप्त हुन्छ र विद्यार्थीहरूलाई परीक्षामा चिट चोर्न दिए पुग्छ लेखिएको छ । चिट चोरेर पास गर्ने विद्यार्थी डाक्टर भएमा त्यसको उपचारबाट बिरामीहरू मर्नेछन्, त्यस्ता इन्जिनीयरहरूले बनाएका भौतिक संरचना चाँडै ध्वस्त हुनेछ, त्यस्ता अर्थविद्हरूको सुझाव र सल्लाहका कारण देशको अर्थतन्त्र बलियो हुने छैन । त्यस्ता धार्मिक अभियन्ताका हातबाट मानवता हराउने छ, त्यस्ता न्यायाधीशहरूको हातबाट न्याय हराउने छ अर्थात् शिक्षा ध्वस्त हुनु भनेको मुलुक नै ध्वस्त हुनु हो तर हाम्रो देशमा शिक्षाको गुणस्तर बढोस् भन्ने चाहना कसैको पनि छैन ।

शिक्षक सेवा आयोगले हालै सार्वजनिक विद्यालयमा रिक्त रहेका १७ हजार ४५५ दरबन्दी आपूर्ति गर्न खोलेको विज्ञापनमा लाखौं परीक्षार्थीको सहभागिता रह्यो तर १३ हजार ४९४ मात्र सफल भए । तीन हजार ९६१ दरबन्दी अझै रिक्त छ । यो समाचारले हाम्रा विश्वविद्यालय र यस अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसको गुणवत्तामा प्रश्न उठेको छ । त्रिभुवन विद्यालयका उपकुलपति आफैंले नै विद्यालयका विकृति र यसको सुधारका लागि जिम्मेवार निकायहरूबाट आवश्यक पहल नभएकोमा दुःखेसो प्रकट गरेका धेरै पुरानो घटना भएको छैन । जब विश्वविद्यालयका शिक्षक नै ई–हाजिरीको मेशिन उठाएर लैजान्छन् भने देशको शिक्षा प्रणालीमा सुधारको के अपेक्षा गर्ने ? अहिलेको आर्थिक युगमा शिक्षा पनि व्यापार भएको छ । अब त शिक्षक, छात्र र शिक्षा क्षेत्रमा संलग्नहरूलाई शिक्षा व्यवसायीभन्दा पनि अतिशयोक्ति नहोला । पहिले ज्ञान आर्जनका लागि शिक्षा आवश्यक मानिन्थ्यो । अब अहिले आर्थिक लाभहानिको आधारमा शिक्षामा लगानी गर्ने गरिन्छ ।

नेपालमा २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति शिक्षा योजना सफल पार्न, कलेज अफ एजुकेशनले शुरूआत गरेको शिक्षक तालीमको जगमा स्थापित शिक्षाशास्त्रको पाठ्यक्रम हालसम्म जस्ताको त्यस्तै छ । पश्चिमा राष्ट्रहरू र अमेरिकाको सुझाव, सल्लाहमा शैक्षिक पाठ्यक्रमहरूमा थपघट गर्ने काम भइरह्यो । हाम्रो सभ्यता, धर्म, संस्कृति, भाषा र साहित्य ओझेलमा परेका छन् । हाम्रो शिक्षा पद्धति आफ्नो धरातलमा उभिएको छैन ।

# आसमान नेपालद्वारा ठोरीमा सिलाइकटाइ तालीम

प्रस, पोखरिया, ९ चैत/

ठोरी गाउँपालिका, क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोगमा नेशनल इम्प्ल्योमेन्ट डेभलपमेन्ट सेन्टर वीरगंज र आसमान नेपालको आयोजनामा सिलाइकटाइसम्बन्धी तालीम बिहीवारदेखि ठोरीमा शुरू भएको छ ।

ठोरी गापा–१ सरस्वती चोकस्थित वडा कार्यालय भवनमा बिहीवारदेखि शुरू भएको ३९० घण्टे सिलाइकटाइ तालीमको उद्घाटन गापा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले गरेकी थिइन् ।

उनले तालीमबाट सिकेको सीप प्रयोग गरेको खण्डमा जीवनमा आमूल परिवर्तन आउन सक्ने बताइन् । उनले तालीम लिने तर त्यसको उपयोग नगर्ने परिपाटीले तालीमको महत्त्व ओझेलमा परेको बताइन् । उनले तालीम लिएसँगै सम्बन्धित विषयमा व्यवसाय सञ्चालन गर्दा त्यसको प्रतिफल आउने बताइन् । उनले तालीम अनुसार सामूहिक सहभागितामा व्यवसाय गर्नेहरूलाई गापाले सहयोग गर्ने प्रतिबद्धता पनि जाहेर गरिन् ।

वडाध्यक्ष धनमान थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा गापा बोर्ड




सदस्य धनमाया घलान, फूलमाया दर्जी, स्थानीय समाजसेवी गजेन्द्र पौडेल, केशव अधिकारी, महिला सदस्य मिश्री नेपाली, आयोजक संस्थाका अध्यक्ष प्रभात मिश्रले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सञ्चालन आसमान नेपाल ठोरी पालिकाका संयोजक धर्मेन्द्र चौरसियाले गरेका थिए । सहभागीहरूलाई अनीता सिलवाल, सविका मगरले तालीम दिइरहेका छन् ।

# सट्टेबाजीमा एजेन्ट बनेर नक्कली कम्पनीमार्फत करोडौंको कारोबार

काठमाडौं, ९ चैत/रासस

नेपालमा अवैध रहेको सट्टेबाजीमा नेपाली एजेन्टहरूले नक्कली कम्पनी खडा गरी दर्जनौं खातामार्फत करोडौंको कारोबार गरेको पाइएको छ ।

छजना नेपाली एजेन्टले विश्वमा सञ्चालित विभिन्न खेल तथा अन्य गतिविधिमा सट्टेबाजी गर्न प्रयोग हुने बेटिङ एप्लिकेशनमार्फत सट्टेबाजी खेलाएर करोडौंको कारोबार गरेको खुलेको छ ।

प्रारम्भिक विवरणमा उनीहरूले विभिन्न समयमा सट्टेबाजी खेलाएर झन्डै रु ६० करोड कारोबार गरेको पाइएको प्रहरीले जनाएको छ ।

सट्टेबाजीमा जुम्ला घर भई भक्तपुर लोकन्थली बस्ने २३ वर्षका दिलीप सिंह कठायत, सोही ठाउँका भुपालराज न्यौपाने, नयनराज भण्डारी, सर्लाहीका वरुणकुमार सिंह, काठमाडौंका वासुदेव पाण्डे र काभ्रेपलाञ्चोकका शिवानी तामाङ एजेन्टकै रूपमा संलग्न रहेको अनुसन्धानमा देखिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए ।

सट्टेबाजी भइरहेको भन्ने सूचनाका आधारमा काठमाडौंको बानेश्वर,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## स्थानीय अर्थव्यवस्थाको विकास किन आवश्यक छ ?

हाम्रो राष्ट्रिय अर्थ व्यवस्था जहिले पनि अलमलमा रहेको छ । बदलिंदो परिस्थितिमा हामीले अर्थ व्यवस्थामा पनि परिवर्तन गर्नुपर्ने थियो, तर त्यस्तो गर्न सकेनौं । सदासर्वदा अलमलमा रह्यौं । नेपालमा राणाहरूको शासनकालमा जस्तो किसिमको अर्थ व्यवस्था थियो त्यस्तै अर्थ व्यवस्था अहिले पनि छ । कसरी ?


अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com


**प्रकृति, परम्परा, संस्कृति र इतिहासले प्रत्येक क्षेत्रलाई केही न केही साधन–स्रोत उपहारस्वरूप दिएको हुन्छ । कुनै पनि क्षेत्र स्रोत र साधनविहीन हुँदैन । खोजी गर्नुपर्छ, पहिचान गर्न सक्नुपर्छ, प्रत्येक क्षेत्र कुनै न कुनै साधन र स्रोतले सम्पन्न हुन्छ नै ।**

नेपालमा अनेक किसिमका राजनीति परिवर्तनहरू भए । २००७ सालमा राजनीतिक परिवर्तन भयो । २०१७, २०४७ र २०६३ सालमा राजनीतिक परिवर्तनहरू भए । ती परिवर्तनहरूले नेपाललाई नयाँ राजनीतिक दिशा दिए । तर अर्थ व्यवस्थामा भने कुनै पनि किसिमको परिवर्तन भएन । कस्तो किसिमको अर्थ व्यवस्था हुनुपर्छ भन्ने सोचमा पनि परिवर्तन भएन । नेपालको अर्थ व्यवस्था परम्परागत रूपमा नै रह्यो । कसरी?

नेपालमा राजनीतिक परिवर्तनहरू त भए तर अर्थ व्यवस्थामा कुनै पनि किसिमको परिवर्तन भएन । अर्थनीतिका ढाँचाहरूमा पनि कुनै परिवर्तन भएन । किन ? आउनुहोस्, यस आलेखमा माथिका प्रश्नहरूको उत्तर खोजौं–

राणाकालमा शासकहरूले अर्थनीति माथिल्लो निकाय वा तहबाट स्थानीय तहलाई दिन्थे । ती नीतिहरू स्थानीय स्तरमा पुग्थ्यो र सोही अनुसार उनीहरूले कार्य गर्दथे । स्थानीय तहले आफ्नो क्षेत्रको आर्थिक विकासको लागि जिम्मेवार माथिल्लो तहलाई देख्थ्यो । स्थानीयस्तरका निर्माण एवं विकाससम्बन्धी कार्य पनि माथिल्लो तहले गर्थ्यो । सडक, पुल, स्कूल, अस्तपाल, कलेज आदिको निर्माण र सञ्चालन पनि माथिल्लो तह (सरकार) ले नै गर्दथ्यो । राणकालमा आर्थिक विकासको ढाँचा यस्तो थियो । केन्द्र नियन्त्रित थियो । तर आश्चर्य ! राणकालमा राष्ट्रिय आर्थिक विकासको ढाँचा जस्तो थियो अहिले पनि त्यस्तै छ । अहिले पनि हाम्रो राष्ट्रिय अर्थ व्यवस्था केन्द्र नियन्त्रित छ । अहिले पनि स्थानीय तहहरू आर्थिक विकासको लागि जिम्मेवार केन्द्र (सङ्घीय सरकार) लाई देख्छन्, स्थानीय आर्थिक विकासका लगि आफूलाई जिम्मेवार ठान्दैनन् । स्थानीय विकासका लागि स्थानीय स्रोत र एवं साधनको विकास गर्दैनन् ।

जनस्तरमा समेत स्थानीय विकासका लागि केन्द्रलाई जिम्मेवार ठान्ने सोचाइ हामीमा अहिले पनि छ । अर्थात् आर्थिक विकाससम्बन्धी हाम्रो परम्परागत सोचमा परिवर्तन आएको छैन, राजनीतिमा अनेक किसिमका परिवर्तनहरू आए तापनि ।

तर अब भने हामीले परम्परागत सोचमा परिवर्तन ल्याउनुपर्छ । स्थानीय अर्थ व्यवस्थाको विकास गर्नुपर्छ । स्थानीय विकासका लागि केन्द्रको मुख ताक्ने वा भरपर्ने परम्पराको अन्त्य गर्नुपर्छ ।

स्थानीय अर्थ व्यवस्थाको विकास भनेको प्रत्येक गाउँ वा नगरपालिकालाई एउटा छुट्टै अर्थ व्यवस्थाको रूपमा विकास गर्नु हो । प्रत्येक गाउँ वा नगरले आफ्नो क्षेत्रको आर्थिक विकासका लागि आफैंले स्रोत र साधनको विकास गर्नु हो । अर्थात् प्रत्येक गाउँ वा नगरपालिलाले आफ्नो क्षेत्रमा आफैंले अनेक स्रोत–साधन सृजना गर्नु हो । आफ्नो क्षेत्रमा हुने खर्चको लागि आफ्नै क्षेत्रबाट आय सृजना गर्नु हो । आफ्नो क्षेत्रको आर्थिक विकासको लागि केन्द्रमाथि भर नपरेर आफैंले आर्थिक विकासका नयाँ–नयाँ अवधारणाहरूको खोजी गर्नु हो ।

प्रत्येक गाउँ वा नगरपालिकाले आफ्नो क्षेत्रका नागरिकलाई रोजगार प्रदान गर्न आफ्नो क्षेत्रमा रोजगार सृजना गर्नुपर्छ । रोजगार सृजना गर्नका लागि अनेक उद्योग एवं व्यापारको विकास गर्नुपर्छ । यसैगरी आफ्नो क्षेत्र भित्र सुरक्षा व्यवस्था, विद्यालय, कलेज, अस्पताल, सूचना केन्द्र आदिमा हुने खर्चको भुक्तानी गर्न पनि गाउँ वा नगरपालिकाहरूले स्वयंले आम्दानी सृजना गर्नुपर्छ । र यस्ता कार्य गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लिनुपर्छ ।

स्थानीय अर्थ व्यवस्थाको अवधारणा अनुसार निर्वाचित स्थानीय जन प्रतिनिधिहरूको प्रमुख कार्य राजनीतिबाट अलग रहेर केवल आफ्नो क्षेत्रको आर्थिक विकासमा केन्द्रित रहनु हो । स्थानीय जनप्रतिनिधि कुनै राजनीति दलसँग आबद्ध नहुनु हो । कुनै राजनीतिक दलको स्थानीय प्रतिनिधि नहुनु हो । स्वतन्त्र हुनु हो, स्वतन्त्र रहनु हो ।

स्थानीय आर्थिक विकासका लागि प्रत्येक नागरिकले आफूलाई जिम्मेवार देख्नु नै स्थानीय अर्थ व्यवस्थाको विकास गर्नु हो । केन्द्रको मुख ताक्नुको सट्टा स्थानीयस्तरमा स्रोत–साधनहरूको विकास गरेर स्थानीय विकासका लागि आय आर्जन गर्नु स्थानीय अर्थ व्यवस्थाको विकास गर्नु हो । स्थानीयस्तरमा स्रोत एवं साधनको विकास के सम्भव छ ? स्थानीय स्तरमा गरिने अनेक निर्माण एवं विकाससम्बन्धी खर्चहरूका लागि स्थानीय स्तरमा नै आम्दानी सृजना गर्नु के सम्भव छ ? स्थानीयस्तरमा रोजगार सृजना गरेर नै आय सृजना गर्नु के सम्भव छ ? यी सबै कार्य सम्भव छ ।

प्रकृति, परम्परा, संस्कृति र इतिहासले प्रत्येक क्षेत्रलाई केही न केही साधन–स्रोत उपहारस्वरूप दिएको हुन्छ । कुनै पनि क्षेत्र स्रोत र साधनविहीन हुँदैन । खोजी गर्नुपर्छ, पहिचान गर्न सक्नुपर्छ, प्रत्येक क्षेत्र कुनै न कुनै साधन र स्रोतले सम्पन्न हुन्छ नै ।

उदाहरणका लागि कुनै खास क्षेत्रको, कृषिको लागि मौसम र माटो अनुकूल हुनु, फराकिलो वन क्षेत्र हुनु, ठूला–ठूला तलाउ वा पोखरी हुनु, ठूला–ठूला नदीहरू हुनु, ऐतिहासिक महत्त्वको स्थान हुनु । प्रचीन बस्ती हुनुजस्ता कुरालाई स्थानीय स्रोत एवं साधनको रूपमा लिन सकिन्छ र तिनीहरूको व्यवस्थित एवं प्रभावकारी प्रयोगद्वारा स्थानीय स्तरमा आय सृजना गर्न सकिन्छ ।

यदि कुनै स्थानमा स्रोत र साधन छैन भने पनि त्यहाँ अनेक प्रयत्नद्वारा विभिन्न स्रोत एवं साधनको विकास गर्न सकिन्छ । जस्तै कुनै नगरलाई पर्यटकीय नगर, कुनै गाउँलाई कुनै खास किसिमको खेल खेल्ने स्थानको रूपमा विकास गरेर पनि स्थानीय स्तरमा स्रोत एवं साधनहरूको विकास गर्न सकिन्छ । माथि भनिएका केही प्रतिनिधि उदाहरणहरू मात्र हुन् । अनेक किसिमका अन्य कार्यहरू गरेर स्थानीय स्तरमा साधन एवं स्रोतको विकास गर्न सकिन्छ । रोजगार र आय सृजना गर्न सकिन्छ । स्थानीय तहलाई आर्थिकरूपमा सम्पन्न पार्न सकिन्छ ।

विकसित एवं धनी राष्ट्रहरूले तीव्र गतिमा आर्थिक विकास गर्नुको प्रमुख कारण स्थानीय अर्थ व्यवस्थाको विकासमा जोड दिनु हो । विकसित राष्ट्रहरूले स्थानीय अर्थ व्यवस्थाको विकासमा अति जोड दिएको पाइन्छ । विकसित देशहरूमा स्थानीय स्तरमा होइन, केवल केन्द्रीयस्तरमा मात्र राजनीति हुन्छ । स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधिहरूले केवल आर्थिक विकासका क्रियाकलापहरूमा आफूलाई सक्रिय राख्छन् ।

विकसित राष्ट्रहरूको आर्थिक विकासको ढाँचा हेर्ने हो भने एउटा विकसित राष्ट्रले आफ्ना अनेक गाउँ–क्षेत्र वा शहरलाई स्थानीय स्रोत एवं साधन प्रयोग गर्न लगाएर आर्थिकरूपमा आत्मनिर्भर हुन निर्देशित गरेको हुन्छ र त्यस्तो गर्न सहयोग गरेको हुन्छ, प्रोत्साहित गरेको हुन्छ । केन्द्रीय नीति नियमहरू पनि स्थानीय तहलाई आत्मनिर्भर तुल्याउने किसिमका हुन्छन् ।

विकसित राष्ट्रका गाउँ वा शहरहरूले आफ्नो क्षेत्रको स्रोत एवं साधनको विकास गर्न जोड दिएका हुन्छन् । स्थानीय विकासको लागि केन्द्रमाथि भर नपरेर आफ्नो क्षेत्रमा हुने खर्चको लगि आफैंले आम्दानी सृजना गर्छन् ।

सम्बन्धित सबै पक्षलाई आर्थिक विकासमा संलग्न गराउन र उनीहरूलाई पनि आर्थिक विकासका लागि जिम्मेवार पार्न हामीले स्थानीय अर्थ व्यवस्थाको विकास गर्न अब ढिलो गर्नुहुँदैन । हामी आफ्नो परम्परागत आर्थिक विकासको ढाँचामा परिवर्तन गर्नुपर्छ ।



**चैते धानका गोरू जोट्दै** : संखुवासभा जिल्लाको धर्मदेवी नपा- ४ छुमुङमा चैते धान रोप्नका लागि गोरूमार्फत् खेत जोट्दै कृषक परिवार । यस क्षेत्रमा वर्षको दुईपटक धान रोप्ने गरिन्छ । तस्वीर: रासस

## बागवानी केन्द्रमा फुल्यो आँप

सर्लाही, ९ चैत/रासस

दक्षिण एशियाकै ठूलो उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाहीले यस वर्ष अहिलेसम्मकै धेरै राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ । लालबन्दी नगरपालिका–१ स्थित केन्द्रमा यस वर्ष अहिलेसम्मकै धेरै ढकमक्क आँपको मुजुरा फुलेपछि राजस्व वृद्धि हुने अनुमान गरिएको केन्द्रका निमित्त प्रमुख रामकुमार यादवले बताए ।



तस्वीर: फाइल

उक्त सरकारी बगैंचामा करीब छ हजार आँपका रूख ढकमक्क फुलेका छन् । फुले अनुसार फल पनि राम्रो लाग्ने अनुमान गरिएको छ । करीब १८५ दशमलव पाँच हेक्टर अर्थात् तीन सय बिघा क्षेत्रफलमा फैलिएको बागवानी केन्द्रमा छ हजार आँप र ६२१ लिचीका बोट छन् । केन्द्रमा विभिन्न ३५ जातका आँपका रूख छन् । आठ जातका लिचीका बोट छन् । केन्द्रमा भारतीय, पाकिस्तानी, थाइल्यान्ड र अमेरिकी देशका आँपका बोट छन् ।

त्यसमा भारतीय जातका बम्बई, मालदह, दशहरी, आम्रपालिका, कलकतीया, नीलम, मलिका, सुखतारा, सिपिया, कृष्णाभोग र जर्दा तथा पाकिस्तानीमा अमन, दशहरी, फुजिली, अनबरतौल, नुरजाहा र अवमात जातका रहेका छन् । साथै थाइल्यान्डका आँपका जातमा डकमाइ र अमेरिकी जातको आँपमा हेडेन तथा केन्ट छन् भने अर्लिलाजैरडे, साही, मोजफपुर, सिपिलेस, म्याम्लीन, बम्बई, कलकतीया र चाइन गरी आठ प्रजातिका लिची बगैंचामा रहेका छन् ।

यस वर्षका लागि लिची रु १२ लाख १८ हजारमा ठेक्का लगाइसकेको केन्द्रका निमित्त प्रमुख यादवले बताए । "केन्द्रमा यस वर्ष अरू वर्षको तुलनामा फरक तरीकाबाट र अत्यधिकरूपमा आँप र लिचीका मुजुरा फुलेका छन्, यसरी यो बगैंचामा यसअघि कहिल्यै आँप र लिचीका मुजुरा फुलेका थिएनन्," यादवले भने, "हामीले बगैंचा व्यवस्थापनमा गरेको मेहनतको प्रतिफल यस वर्ष राम्रै हुने अनुमान गरेका छौं, कहिले नफुलेको आँप यस वर्ष फुलेका कारण फल लाग्दासम्म जोगाउन सकिएमा यस वर्ष करीब रु तीन करोडको आँप बिक्री गर्ने अनुमान छ ।"

उक्त बगैंचाबाट अहिलेसम्म एक वर्षमा धेरै भनेको करीब रु सवा करोडसम्मको मात्रै आम्दानी भएको बताइएको छ । यस वर्ष आँप र लिचीका सबैजसो बोट झपक्कै फुलेकाले करीब रु तीन करोड आम्दानी हुने अनुमान गरेको निमित्त प्रमुख यादवले बताए ।

विगतका वर्षमा केन्द्रमा जतिसुकै आँप फले पनि एउटै ठेकेदारलाई ठेक्का लगाउने गरिएको थियो । यस वर्ष तीन ब्लक निर्धारण गरेर फरकफरक ठेकेदारलाई आँप र लिचीको बगैंचा ठेक्का दिने तयारी केन्द्रले गरेको छ । यस वर्ष आँपको फूल र फलमा औषधि तथा विषादी छर्कन करीब रु २४ लाख खर्च गरेर आधुनिक मेशिनसमेत खरीद गरेर ल्याएको केन्द्रले जनाएको छ । जमीनबाट ६० फिट उचाइसम्म सजिलै विषादी छर्न सकिने यो मेशिन नेपालमैं पहिलोपटक प्रयोग भइरहेको केन्द्र प्रमुख यादवले बताए ।

## सामाजिक सुरक्षा कोषमा चार लाख श्रमिक समेटिए

काठमाडौं, ९ चैत/रासस

सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने योगदानकर्ताको सङ्ख्या चार लाख नाघेको छ । सामाजिक सुरक्षा योजना शुभारम्भ भएको चार वर्षमा चार लाख ३० श्रमिक कोषमा सूचीकृत भएका छन् ।




बुधवार सामाजिक सुरक्षा योजना कार्यक्रमलाई सम्बोधन गर्दै प्रम 'प्रचण्ड' । तस्वीर: रासस

कोषले २०७५ मङ्सिर ११ गते सामाजिक सुरक्षा योजनाको घोषणा गरेको थियो । कोषमा आबद्ध हुनेमा सबैभन्दा बढी वाग्मती प्रदेशबाट तीन लाख सात हजार ७१८ श्रमिक सूचीकृत भएका छन् । कोशी प्रदेशबाट ३८ हजार ९५७, मधेस प्रदेशबाट २१ हजार २५८, गण्डकी प्रदेशबाट १५ हजार २४१, लुम्बिनी प्रदेशबाट १४ हजार ९९, सुदूरपश्चिम प्रदेशबाट एक हजार ५२९ र कर्णाली प्रदेशबाट एक हजार २२८ श्रमिक सूचीकृत भएका छन् ।

कोषले आगामी असार मसान्तसम्म पाँच लाख श्रमिकलाई सूचीकृत गराउने लक्ष्य लिएको छ । कोषमा १७ हजार ७३९ रोजगारदाता आबद्ध भएका छन् । कोषले हालसम्म रु ३० अर्ब ११ करोड योगदान सङ्कलन गरेको छ । कोषले विभिन्न योजनाबापत योगदानकर्तालाई रु तीन अर्ब ८३ करोड दाबी भुक्तानी गरेको छ ।

(बाँकी चौथो पातामा)

# आर्थिक समृद्धिको बाधक मूल्यवृद्धि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक वृद्धिदरको लक्ष्य पूरा गर्न सरकारले नीतिगत सुधारको बाटो समात्न जरूरी छ। त्यसका लागि प्रतिपक्षी दलदेखि निजी क्षेत्र सबैसँग छलफल र सहकार्य गर्न सरकार तत्पर रहनुपर्छ। 'पपुलिस्ट' कार्यक्रमभन्दा पनि दिगो विकास हुने किसिमका नीति एवं कार्यक्रमतिर सरकारको ध्यान जानुपर्दछ।**

यतिखेर बजारमा वस्तु र सेवाको मूल्यमा चरम वृद्धि भइरहेको छ। उत्पादक, आयातकर्ता, थोक बिक्रेता र खुद्रा व्यापारीले अस्वाभाविकरूपमा मूल्यवृद्धि गर्दा आम उपभोक्ता मारमा परिरहेका छन्। दैनिक उपभोग्य वस्तु–दाल, चामल, तेल, घीउ, चिनी, फलफूल, तरकारीलगायत सम्पूर्ण वस्तुमा चर्को मूल्यवृद्धि भइरहेको छ। यसले सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा हुन नसक्ने अवस्था देखिएको छ। सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ मा ६ प्रतिशतका दरले आर्थिक वृद्धि हुने अनुमान गरेको छ। आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ सम्मको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना गर्दै सरकारले सो आर्थिक वृद्धिको अनुमान गरेको हो। चालू आव २०७९/८० मा ५.८ प्रतिशतले आर्थिक वृद्धि भनिएकोमा ४.५ प्रतिशतले वृद्धि हुने संशोधन अनुमान गरिएको छ। आव २०८०/०८१ पाँचौं योजनाको अन्तिम वर्ष पनि हो। आव २०८१/०८२ मा ७.४ प्रतिशत र आव २०८२/०८३ मा ८ प्रतिशतका दरले आर्थिक वृद्धि हुने अनुमान सरकारले गरेको छ। तर आर्थिक वृद्धिदरको यस्तो महत्त्वाकाङ्क्षी लक्ष्य हासिल गर्न सरकारलाई चुनौतीपूर्ण अवस्थाको सामना गर्नुपर्ने हुन्छ।

विशेषगरी पछिल्लो समय विश्वव्यापी महँगीका कारण बाह्य क्षेत्रमा परेको असरले आर्थिक गतिविधि सङ्कुचित बनाउनुपर्ने बाध्यता छ। तर अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने अर्को चुनौती पनि उत्तिकै छ। बाह्य क्षेत्रको दबाबलाई थेग्दै अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने बाध्यताका कारण सरकारले अबका वर्षहरूमा आफूले तय गरेका आर्थिक वृद्धिका लक्ष्य भेट्टाउन आवश्यक रणनीति बनाउनुपर्ने देखिन्छ। सरकारले लिएको महत्त्वाकाङ्क्षी आर्थिक वृद्धिदरको लक्ष्य पूरा गर्नका लागि अहिलेको प्रमुख चुनौती भनेको नै महँगी हो। रूस–युक्रेन युद्धपछि विश्व बजारमा आपूर्ति शृङ्खला खलबलिएपछि महँगी चुलिंदै गएको छ। यसले नेपालजस्तो आयातमुखी अर्थतन्त्र भएको मुलुक सबैभन्दा बढी मारमा परेको देखिन्छ। आयातमा मूल्यको चाप बढ्दै गएपछि विदेशी मुद्रा बाहिरिने गतिविधिमा पनि तीव्रता आएको छ। जसलाई निरुत्साहित गर्न सरकार र नेपाल राष्ट्र बैंकले माग घटाउने नीति अघि सारेको छ। फलस्वरूप अहिले बाह्य क्षेत्रमा सुधार देखिएको छ। अधिकांशले मूल्यवृद्धि अझै बढ्ने बताउँदै आएका छन्। वास्तवमा महँगी नियन्त्रणको प्रमुख उपाय भनेको नै बजार अनुगमन हो। त्यसबाहेक आन्तरिक उत्पादन बढाएर पनि यसलाई कम गर्न सकिन्छ।

विश्व बजारमा निर्यात बढाउने मुलुकहरूले पछिल्लो समय चुलिएको महँगीमा समेत लाभ उठाएका उदाहरण पनि छन्। खाद्यान्न अन्तर्गतका माछा, मासु, दूध, तेल र रेस्टुरा र होटेलबाहेकका खाद्यवस्तुमा आगामी तीन महीनामा मूल्यवृद्धि बढ्ने अनुमान गरिएको छ। गैरखाद्यवस्तु तथा सेवा अबको तीन महीनामा बढ्ने भनिएको छ। पूर्व अनुमान अनुसार २०७९/०८० मा मूल्यवृद्धि ७ प्रतिशत राखिएकोमा पुस मसान्तसम्म आइपुग्दा मूल्यवृद्धि ७.२६ प्रतिशत पुगेको देखिन्छ। कृषितर्फ २०७९/०८० मा धानको उत्पादनमा केही वृद्धि हुने अनुमान गरिएकोमा पर्यटन क्षेत्रमा क्रमशः सुधार हुँदै जाने र उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिएकाले आर्थिक वृद्धिदरमा सुस्तता देखा परेको छ। आव २०७९/०८० को पहिलो ६ महीनामा आम नागरिकले धान्नै नसक्ने गरी मूल्यवृद्धि भएको छ। चालू आर्थिक वर्षको पहिलो ६ महीनामा मूल्य ७.२६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७८/०७९ को सोही अवधिमा ५.६५ प्रतिशत मात्र मूल्यवृद्धि भएको थियो। तर खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि ५.६२ प्रतिशत र सेवा खाद्य तथा गैरखाद्यको ८.५७ प्रतिशतले मूल्यवृद्धि भएको छ। सबैभन्दा बढी तराईमा, त्यसपछि हिमालमा र त्यसपछि काठमाडौं उपत्यकामा मूल्यवृद्धि बढेको छ। यी सबै क्षेत्रका नागरिक मूल्यवृद्धिको चपेटमा परेको देखिन्छ। चालू आर्थिक वर्षको पहिलो ६ महीनामा उपभोग्य वस्तुको मूल्यवृद्धि ४.४७ प्रतिशत र पूँजीगत वस्तुको थोक मूल्यवृद्धि १३.८० प्रतिशतले बढेको तथ्याङ्क छ।

यसरी व्यापारी र सरकार दुवैले उपभोक्ता र बजारमाथि बेइमानी गरिरहेका छन्। व्यापारीले मनोमानी र मिलेमतो गरी वस्तु र सेवाको मूल्य निर्धारण गरिरहेका छन् भने कृत्रिम अभाव सिर्जना गरी अनुचित फाइदा लिने र कालोबजारी गरिरहेका छन्। यसले गर्दा गलत र अनुचित काम गर्ने व्यापारीहरू रातारात अर्बपति बन्ने तर उपभोक्ताको क्रयशक्ति घट्दै जाने अवस्था सिर्जना भएको छ। गलत गर्ने व्यापारीलाई नियमन र नियन्त्रण गर्न सरकारले कुनै कार्ययोजना जारी गरेको देखिंदैन। महँगीले उपभोक्ताको दैनिकी अप्ठेरोमा परिरहँदा जनताका लागि काम गर्न निर्वाचित गरेर पठाइएका राजनीतिक दलका नेताहरूले संसदमा मूल्यवृद्धि नियन्त्रण गर्न आवाज उठाउनुपर्ने होस सरकारलाई दबाब दिनुपर्ने हो। तर, पक्ष–विपक्ष कसैले पनि जनताको पक्षमा बोलेको पाइँदैन। व्यापारीले राजनीतिक दल र नेतालाई दिएको आर्थिक सहयोग पनि वस्तुको मूल्यमा समायोजन गर्ने हुँदा पनि मूल्यवृद्धि भएको छ। सरकार माग र आपूर्ति सन्तुलनमा राखेर कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्नेलाई कारबाही गर्न चुकेको छ। व्यापारीले जस्तोसुकै अपराध गरे पनि कारबाही गर्नुहुँदैन र उसले जे भन्छ, त्यही गर्नुपर्छ भन्ने सरकारी सोच, बजारलाई शुद्ध बनाउने कार्ययोजनाको अभाव, नाम मात्रैको अनुगमन र सचेत उपभोक्ताको कमीले गर्दा मूल्यवृद्धि भइरहेको छ।

मूल्यवृद्धिले अर्थतन्त्रमा गम्भीर चुनौती थपिने हुनाले यसको न्यूनीकरणका लागि सरकारले जुनसुकै वस्तुको पनि मूल्य विश्लेषण गर्नुपर्छ। वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी र वितरण गरी उपभोक्तासम्म पुग्दा कति मूल्य पर्छ, छिमेकी र अन्य मुलुकमा त्यही वस्तुको मूल्य कति छ भनेर अध्ययन गर्ने र मूल्यवृद्धि नियन्त्रण गर्नका लागि मूल्य नियमन–नियन्त्रण विश्लेषण निर्देशिका जारी गरी कार्यान्वयन गर्न सरोकारवाला पक्षसहितको छुट्टै संयन्त्र निर्माण गर्नुपर्छ। बजार हस्तक्षेप गरी दोषीलाई कानूनको दायरामा ल्याई मूल्यवृद्धि नियन्त्रण गर्ने दायित्व सरकारको हो भन्ने अनुभूति नेपाली जनतालाई दिन सक्नुपर्छ। नत्र मूल्यवृद्धिले सरकारले लिएको आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त हुन सक्दैन। सरकारले रेमिट्यान्सलाई विदेशी मुद्राको प्रमुख स्रोत बनाउने मानसिकताबाट अहिलेको समस्या बढेको हो। उत्पादनमुखी उद्योगधन्दा सञ्चालन गर्ने, निर्यात बढाउने, रोजगार सिर्जना गर्नेजस्ता कामले नै यसको दीर्घकालीन निकास दिन सक्छ। सरकारले तत्कालका लागि बजारको मागलाई सङ्कुचनमा ल्याएर वित्तीय स्थायित्व जोगाउन खोजे पनि यसले दीर्घकालीन समस्या समाधान हुने देखिंदैन। पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रका कर्जा लगानी आयात र घरजग्गामा केन्द्रित भएकै कारणले पनि अहिलेको जस्तो समस्या हुने गरेको छ। वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा लगाउनुपर्छ। पछिल्लो समय जलविद्युत्, सिमेन्टजस्ता उत्पादनमा नेपालको सम्भावना बढ्दै गइरहेको छ। जलविद्युत् क्षेत्रमा नेपालको पानी खेर गइरहेको अवस्थामा जलाशय तथा अर्धजलाशययुक्त विद्युत् आयोजनाहरू निर्माण गर्नुपर्ने हुन्छ। यस्ता आयोजनामा विदेशी लगानी आकर्षित गर्नुपर्ने हुन्छ। औद्योगिक क्षेत्रमा फडको मारिरहेको बङ्गलादेशले आफ्नो देशको उद्योगका लागि आवश्यक बिजुली किन्न नेपाललाई पटकपटक ताकेता गर्दै आएको छ। नेपालले भारतको बाटो हुँदै बिजुली बेच्न सक्ने भएकोले यसका लागि कूटनीतिक पहल गर्नु आवश्यक हुन्छ।

त्यस्तै सिमेन्टमा प्रचुर सम्भावना बोकेको अवस्थामा यसलाई पनि बढावा दिंदै जानुपर्ने हुन्छ। सरकारले पूँजीगत खर्च गर्न नसकेको र निर्माण क्षेत्रसमेत प्रभावित भएकोले सिमेन्ट तथा रड उद्योग फस्टाउन सकेका छैनन्। चालू आर्थिक वर्षको शुरूआतमा केही सिमेन्ट उत्पादकले निर्यात बढाए पनि आर्थिक गतिविधिमा आएको सङ्कुचन र उच्च ब्याजदरजस्ता विविध कारणले अहिले ठप्पप्रायः छ। मूलतः सरकारले निजी क्षेत्रको विश्वास बढाउनुपर्ने हुन्छ। यसका लागि उपयुक्त वातावरण निर्माण गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुनु जरूरी छ। त्यसैले आम नागरिकलाई सहज र सरल ढङ्गबाट गुणस्तरीय खाद्यान्न उपभोगमा पहुँच बढाउन सरकार, उपभोक्तावादी सङ्घ सङ्गठन र अधिकारकर्मी तथा राजनीतिक दललगायत सबै पक्षको एकीकृत प्रयास हुनुपर्दछ। यी सबै पक्षको एकीकृत प्रयास भएन भने मूल्यवृद्धिमाथि लगाम कस्न गाह्रो हुन्छ। मूलतः महँगी नियन्त्रणका लागि सरकारले नीतिगत सम्बोधन र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। अनियन्त्रित बजारलाई नियमनबाट नियन्त्रणमा ल्याउन नसक्दा मूल्यवृद्धिको समस्या अझ बढ्दै गएपछि यसले आर्थिक वृद्धिदरको लक्ष्य पूरा गर्न सक्दैन। त्यसैले यसप्रति सरकारी संवेदनशीलता अति नै आवश्यक छ। यसैगरी जनप्रतिनिधिमूलक सङ्घ संस्था, उपभोक्तावादी सङ्घ सङ्गठन र अधिकारकर्मी तथा राजनीतिक दलले पनि मूल्यवृद्धि नियमन र नियन्त्रणका लागि सरकारलाई आवश्यक दबाब सृजना गर्नु पनि त्यति कै आवश्यक छ।

अन्त्यमा आर्थिक वृद्धिदरको लक्ष्य पूरा गर्न सरकारले नीतिगत सुधारको बाटो समात्न जरूरी छ। त्यसका लागि प्रतिपक्षी दलदेखि निजी क्षेत्र सबैसँग छलफल र सहकार्य गर्न सरकार तत्पर रहनुपर्छ। 'पपुलिस्ट' कार्यक्रमभन्दा पनि दिगो विकास हुने किसिमका नीति एवं कार्यक्रमतिर सरकारको ध्यान जानुपर्दछ। विशेषगरी नीतिनियम बनाउँदा गरीबीको रेखामुनि रहेको जनताको जीवनस्तर उकास्ने कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक छ। रोजगार सिर्जना गर्ने, व्यक्तिको आयस्तर बढाउने, उत्पादनमुखी अर्थतन्त्रमा जोड दिनेजस्ता नीति तय गर्न सके मात्र आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सकिन्छ। अर्थतन्त्र सही बाटोमा भएको खण्डमा मात्रै महँगी नियन्त्रणदेखि सर्वसाधारणको समस्या समाधान गर्न सकिन्छ। त्यसैले अर्थतन्त्र सुधार गर्दै महँगी नियन्त्रण गर्नु अहिलेको सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

## युवालक्षित वित्तीय साक्षरता तालीम सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, ९ चैत/

जनउत्थान लघुवित्त वित्तीय संस्थाले युवालक्षित वित्तीय साक्षरता कार्यक्रम प्राविधिक विद्यालयमा अध्ययनरत कक्षा ११, १२ का विद्यार्थीहरूलाई वित्तीय विषयमा तालीम दिइएको थियो। संस्थाका




अनुगमन अधिकृत चेतनारायण रिमाल र शाखा प्रमुख सुमन सापकोटाले तालीम दिएका थिए।

जनउत्थानले वित्तीय कामका अतिरिक्त सदस्यलक्षित तालीमहरू तथा अन्य सामाजिक कार्य पनि गर्दै आएको छ। ठोरीमा अन्य लघुवित्त भए तापनि जनउत्थान लघुवित्त सबैभन्दा पुरानो लघुवित्त हो र यसले ठोरी क्षेत्रमा विभिन्न सामाजिक क्रियाकलापमार्फत उपभोक्ताहरूमा सक्रियता बढाउने कार्य गर्दै आइरहेको छ।

सम्पन्न गरेको छ।

१९ जिल्लाका ३९ वटा शाखा कार्यालयमार्फत कारोबार गर्दै आएको जनउत्थान लघुवित्त वित्तीय संस्थाले प्रत्येक वर्ष विश्वव्यापीरूपमा मार्च २०–२६ सम्म मनाउने ग्लोबल मनि सप्ताहको ११औं संस्करण अन्तर्गत ठोरी शाखाले युवालक्षित वित्तीय साक्षरता तालीम सम्पन्न गरेको हो।

'सिक, बचत गर, कमाऊ' नाराका साथ मनाइएको साप्ताहिक कार्यक्रम ठोरी गापा–१ दीपकनगरस्थित नेपाल राष्ट्रिय

### सामाजिक सुरक्षा कोष ...

पछिल्लो समय कोषले सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै लगेको छ। वैदेशिक रोजगारमा रहेका श्रमिकलाई समेत कोषमा आबद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा उक्त कार्य शुभारम्भ गर्न लागिएको कोषले जनाएको छ।

औपचारिक क्षेत्रका श्रमिकलाई योजनामा आबद्ध गराउँदै आएको कोषले बुधवारदेखि वैदेशिक रोजगारमा रहेका र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई पनि कोषमा सूचीकृत गराउन थालेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधवार वैदेशिक क्षेत्रमा रहेका श्रमिकलाई कोषमा सूचीकृत गराउने कार्यको थालनी गरेका थिए।

वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सूचीकृत गराउन शुरू भएसँगै विदेशमा रोजगार र स्वरोजगारमा रहेका लाखौं श्रमिक योजनामा समावेश हुने अनुमान गरिएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएन)ले लामो समयदेखि वैदेशिक रोजगारमा रहेको श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्न सरकारसँग आग्रह गर्दै आएको थियो।

कोषले नियमितरूपमा योगदान गर्ने योगदानकर्तालाई औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना गरी विभिन्न योजना सञ्चालन गरिरहेको छ।

## मेघ गर्जनसहित वर्षाको सम्भावना

काठमाडौं, ९ चैत/रासस

आज देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव कायम छ।

यसका कारण देशका पहाडी भूभागमा आंशिक बदली भएको छ।

देशका बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

दिउँसो कोशी, वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही ती प्रदेशका पहाडी भूभागका थोरै स्थानमा र देशका बाँकी भूभागका केही स्थानमा मेघ गर्जन रचटचाङसहित क्षणिक हल्का वर्षा भएको छ।

रातिको समयमा पनि सोही किसिमको मौसमी प्रणाली कायम रहने महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ।

शुक्रवार पनि लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका साथै देशका पहाडी भेगमा आंशिक बदली रहनुका साथै लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा र देशका बाँकी पहाडी भूभागका केही स्थानमा मेघ गर्जन र चटचाङसहित क्षणिक हल्का वर्षाको सम्भावना छ।

## 'कोल्ड स्टोर' निर्माणपछि भण्डारणमा सहज

गोलबजार, ९ चैत/रासस

सप्तरीको बोदे बर्साइन नगरपालिकामा तरकारी तथा फलफूल लामो समयसम्म भण्डारण गर्ने उद्देश्यले 'कोल्ड स्टोर' निर्माण शुरू गरिएको छ। वडा नं २ बैरियामा निर्माण गरिएको सात सय मेट्रिक टन क्षमताको अत्याधुनिक कोल्ड स्टोर शिलान्यासमा नगरप्रमुख आतेशकुमार सिंहले यसले किसानलाई आलु, प्याज तथा अन्य तरकारी भण्डारणमा सहयोग पुग्ने बताए।

नगरप्रमुख सिंहले उत्पादन गरिएका तरकारी तथा फलफूल लामो समयसम्म भण्डार गरेर राख्न सकिने भएकाले किसान खेतीतर्फ आकर्षित भई उत्पादनमा वृद्धि हुने तथा बजारीकरणको सम्भावना पनि बढ्ने दाबी गरे।

सो भण्डारण केन्द्र सरकारको सम्पूरक कोषको अनुदानमा नौ कट्ठा जग्गामा निर्माण हुन लागेको हो। जसमा अत्याधुनिक प्रविधि मल्टिप्रपोज कोल्डस्टोरको प्रथम चरणमा प्रशासनिक कार्यालय भवन, गेस्ट हाउस, शौचालय, बाउन्ड्री वाल, पार्किङ निर्माण गरिने नगरपालिकाका इन्जिनीयर दिनेश ठाकुरले जानकारी दिए।

विश्व वैभव कन्सल्टेन्सी कन्स्ट्रक्सन एन्ड सप्लायर्स भक्तपुरले रु एक करोड २५ लाखमा निर्माण ठेक्का पाएको कोल्ड स्टोर आगामी असारसम्म पूरा हुनेछ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## मानहानिको अभियोगमा राहुल गाँधीलाई दुई वर्ष जेल

नयाँ दिल्ली, ९ चैत/पिटिआई

भारतीय काङ्ग्रेसका नेता राहुल गाँधीलाई गुजरातको एक अदालतले



तस्वीरः फाइल

मानहानि मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको छ।

विपक्षी दलका नेता गाँधीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानि भएको ठहर गर्दै सुरतस्थित अदालतले आज उक्त आदेश गरेको हो। गाँधीले तत्काल जेल जानुपर्दैन किनकि उनलाई उक्त फैसलाविरुद्ध अपील गर्न ३० दिनको म्याद दिइएको छ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावीसभामा नेता गाँधीले 'चोर मोदीहरू' भनेका थिए। उनले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भनेका थिए। नेता गाँधीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानि भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवं गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उनीविरुद्ध मुद्दा दायर गरेका थिए।

अदालतको फैसला सुन्न नेता गाँधी सुरत अदालत पुगेका थिए। "मेरो धर्म सत्य र अहिंसामा आधारित छ। मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो," अदालतको आदेशपछि सामाजिक सञ्जालमा महात्मा गाँधीलाई उद्धृत गर्दै राहुल गाँधीले हिन्दीमा लेखेका छन्।

फैसला सुन्न बुधवार सुरत पुगेका नेता गाँधीलाई पार्टीका शीर्ष नेता तथा कार्यकर्ताले स्वागत गरेका थिए। पार्टीका समर्थकले सुरतका विभिन्न क्षेत्रमा गाँधीका पक्षमा प्रदर्शन गरेका थिए। प्रदर्शनकारीले 'भाजपाको तानाशाही अगाडि काङ्ग्रेस नझुक्ने', 'राहुल गाँधी हिन्दुस्तानको सिंह हुन्' लेखिएका प्लेकार्ड बोकेका थिए।

अदालतको फैसला सार्वजनिक हुने बित्तिकै दिल्लीका मुख्यमन्त्री एवं आम आदमी पार्टीका प्रमुख अरविन्द केजरीवालले नेता गाँधीको समर्थन गर्दै न्यायालयको निर्णयप्रति असहमति जनाएका छन्। "गैरभाजपा नेता तथा पार्टीलाई मुद्दा लगाएर हटाउने षडयन्त्र रचिएको छ। काङ्ग्रेससँग हाम्रो मतभेद छ, तर राहुल गाँधीलाई मानहानिको मुद्दामा फसाउनु ठीक होइन। हामी अदालतको सम्मान गर्छौं तर यो निर्णयमा हामी असहमत छौं," जनता र विपक्षी दलले प्रश्न गर्न पाउनुपर्ने तर्क गर्दै मुख्यमन्त्री केजरीवालले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन्। रासस

## सुरक्षा विषयमा जनप्रतिनिधिहरूसँग अन्तर्क्रिया

दिनेश मिश्र, वीरगंज, ९ चैत/

धोबिनी गाउँपालिकामा सुरक्षा निकाय र स्थानीय तहबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

'हर पहर गाउँ-नगर टोलटोलमा नगरप्रहरी' नाराका साथ सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बिहीवार धोबिनी गापाका जनप्रतिनिधिहरूसँग सुरक्षा निकायको अन्तर्क्रिया भएको हो।



तस्वीरः प्रतीक

अन्तर्क्रियामा सडक सुरक्षा, सवारी चालक अनुमतिपत्र, सवारीधनी प्रमाणपत्र लगायतलाई प्राथमिकता दिएर सवारी दुर्घटना न्यूनीकरणका लागि चेकजाँच गर्ने, सामाजिक विकृति रोक्नका लागि गाउँमा जुवातास बन्द गर्ने अभियान चलाउने, चोरी तस्करी नियन्त्रण गर्ने, अवैधरूपमा सञ्चालित घरेलु मदिराभट्टी बन्द गराउने, घरेलु मदिराको बिक्री वितरण, सेवन रोक्ने जस्ता विषयमा जनप्रतिनिधिहरूसँग सुरक्षा निकायको संवाद भएको हो।

गापाध्यक्ष मदन चौहानको अध्यक्षतामा भएको अन्तर्क्रियामा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक कोमल शाह, प्रहरी निरीक्षक मोहनविक्रम केसी, स्थानीय नेताहरू सलाउद्दीन अहमद, सन्तोष पटेललगायत स्थानीय जनप्रतिनिधिहरूको सहभागिता थियो।

## कालिकामाई गापामा युवा सङ्घको कमिटी गठन

प्रस, वीरगंज, ९ चैत/

कालिकामाई गाउँपालिकामा बिहीवार नेकपा एमालेनिकटको युवा सङ्घ नेपालले कमिटी गठन गरेको छ।



तस्वीरः प्रतीक

नसी आलमको अध्यक्षतामा सम्पन्न भेलाले २१ सदस्यीय कमिटी गठन गरेको छ।

गठित कमिटीको उपाध्यक्ष मुन्ना चौरसिया, सचिव नरेन्द्र पटेल, सहसचिव विकेश चौरसिया, मुक्तिप्रसाद कुशवाहा र सदस्यहरूमा कुनाल कुमार, अजय पटेल, अङ्गद चौरसिया, प्रशान्त पटवा, दीपककुमार मुखियालगायत रहेका छन्। उनीहरूलाई एमाले प्रदेश कमिटी सचिवालय सदस्य जयप्रकाश थारूले शपथग्रहण गराएका थिए।

भेलामा नेकपा एमाले कालिकामाई अध्यक्ष अनुप तिवारी, जिल्ला सदस्य जीतेन्द्र गुप्ता, चन्द्रमोहन तिवारी, वकील मियाँलगायत पालिकाका पदाधिकारी सदस्य तथा स्थानीय नेताहरूको सहभागिता थियो।

## ट्रक राजस्व चलान

प्रस, वीरगंज, ९ चैत/

बिलबीजकभन्दा बढी सामान फेला परेको भन्दै जिल्ला प्रहरी कार्यालय, पर्साले जय बजरङ्बली ट्रान्सपोर्टको ट्रकलाई राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

विभिन्न किसिमका खुद्रा सामान, लत्ताकपडाहरू बोकेको जय बजरङ्बली ट्रान्सपोर्टको ना.२ख ८६४८ नम्बरको ट्रकलाई हिजो राति नियन्त्रणमा लिएर आज राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।

## पछिल्लो सम्झौता कार्यान्वयनको प्रतिबद्धता

रियाद, ९ चैत/एएफपी

साउदी अरब र इरानी विदेशमन्त्रीबीच टेलिफोन वार्ता भएको छ। वार्ताका क्रममा उनीहरूले हालै भएको ऐतिहासिक द्विपक्षीय मेलमिलाप सम्झौता कार्यान्वयन गर्न शीघ्र भेट्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

साउदी अरबका विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले होसेन अमिर-अब्दुल्लाहियानलाई फोन गरेर आजदेखि प्रारम्भ भएको पवित्र महीना रमजानको अवसरमा बधाई तथा शुभकामना आदानप्रदान गरेका साउदी विदेश मन्त्रालयले ट्विटरमा पोस्ट गरेको विज्ञप्तिमा जनाइएको छ।

दुवै देशका विदेशमन्त्री आआफ्नो मुलुकमा एकअर्काका दूतावास र वाणिज्य दूतावास पुनः सञ्चालनको खाका तयार गर्न चाँडै द्विपक्षीय बैठक गर्न सहमत भएको विज्ञप्तिमा उल्लेख छ।

इरान र साउदी अरबबीच सात वर्षदेखि चिसिएको एवं विच्छेद भएको सम्बन्ध चीनको मध्यस्थतामा यसै महीनाको १० तारिखदेखि पुनर्स्थापित भएको हो।

सिया धर्मगुरु निम्र-अल-निम्रलाई साउदी अरबले फाँसी दिएपछि इरानी प्रदर्शनकारीहरूले सन् २०१६ तेहरानस्थित साउदी कूटनीतिक नियोगमा आक्रमण गरेका थिए। उक्त आक्रमणपछि रियादले तेहरानसँगको सम्बन्ध विच्छेद गरेको हो। दुवै क्षेत्रीय प्रतिद्वन्द्वीलाई सहकार्य र साझेदारीको बाटोमा ल्याएर चीनले विश्वव्यापी प्रशंसा पाएको छ।

चीनको मध्यस्थतामा भएको तेहरान र रियादबीचको सम्झौताले शिया बहुल इरान र मुख्यतया सुन्नी मुस्लिम भएको साउदी अरबले दुई महीनाभित्र आफ्ना दूतावास पुनः खोल्ने तथा २० वर्षअघि हस्ताक्षर गरिएका सुरक्षा र आर्थिक सहयोगसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ।

गत आइतवार एक इरानी अधिकारीले बताए अनुसार राष्ट्रपति इब्राहिम रायसीलाई राजा सलमानबाट साउदी भ्रमणको निमन्त्रण प्राप्त भएको छ। यद्यपि रियादले त्यो पुष्टि गर्न बाँकी छ। दुवै देशले शीर्ष कूटनीतिक तहमा बैठक गर्न सहमति जनाउँदै तीनवटा बैठक स्थानबारे समेत सुझाव दिएका जनाइएको छ। रासस

## दुर्घटना हुँदा छजनाको मृत्यु

वाशिङ्टन, ९ चैत/सिन्हवा

मेरिल्यान्डमा बुधवार भएको सडक दुर्घटनामा छजनाको मृत्यु भएको छ। इन्टरस्टेट हाइवे ६९५ मा भएको दुर्घटनामा कारमा सवार सबै छजनाको घटनास्थलमै मृत्यु भएको आपत्कालीन स्वास्थ्य सेवाका कर्मचारीले बताएका छन्।

सडकको मरम्मतसम्भार भइरहेको बेला तीव्र वेगमा हुइँकिएको एउटा कार अस्थायीरूपमा खडा गरिएको पर्खाल लडाएर काम भइरहेको स्थानमा आएर पल्टिएको थियो। उक्त कारको ठक्करबाट सडकमा काम गरिरहेका केही कामदार घाइते भएका प्रहरीले जनाएको छ। मृतकको सनाखत हुन बाँकी छ। गम्भीर घाइते भएका चालकलाई अस्पताल पुऱ्याइएको छ। दुर्घटनाको अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ।

यसैबीच म्यान्माको याङ्गुन-माण्डले राजमार्गमा आज बिहान भएको सवारी दुर्घटनामा दुईजनाको घटनास्थलमै मृत्यु भएको तथा अन्य १४ जना घाइते भएका राजमार्ग प्रहरीले बताएको छ। दुवै मृतक पुरुष हुन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यभय | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडाश्रम |
| धनु – ज्ञानोदय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

### आगलागी हुनबाट सावधानी अपनाऔं।

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होशियारी अपनाऔं।
- आगो तथा ग्याँस बालुन्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निक्यौल गरौं।
- जथाभावी चुरोट, बिडीका ठुटा ननिभाइ नफ्याँकौं।
- विद्युत्बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं।
- आफ्नो घर, टोलमा आगलागीको घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारुणयन्त्रको सम्पर्क नम्बर ०५१-५१८००० मा खबर गरौं।

वीरगंज महानगरपालिका कार्यालय


श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय
पर्सागढी नपा-३, झबराहा, पर्सा

### शिक्षक आवश्यकतासम्बन्धी सूचना

पर्सागढी नगरपालिका, हरपुर पर्साको शिक्षा शाखाको मिति २०७९/११/२१ गतेको पत्र सङ्ख्या २०७९/८० चलानी नं १६२६ को पत्र अनुसार यस विद्यालयमा पर्न आएको सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानबाट विद्यालयमा आधारभूत तह तृतीय श्रेणीमा खुल्ला विज्ञापन गरी करार सेवा पदपूर्ति गर्नुपर्ने भएकोले यस विद्यालयको विव्यसको मिति २०७९/१२/०९ गतेको निर्णय अनुसार तपसिलका योग्यता पूरा गरेका नेपाली नागरिकहरूबाट दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ।

**विज्ञापन नं. ०१/२०७९/०८०**

१) तह : आधारभूत तह/तृतीय श्रेणी
२) करार अवधि : एक वर्ष
३) सङ्ख्या : १ (एक)
४) विषय : गणित
५) तलब स्केल : २५,५००/-
६) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७) शैक्षिक योग्यता : आइएड वा सो सरह
८) आवेदन दस्तुर : रु ५००/- (पाँच सय मात्र)
९) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१०) दरखास्त दिने म्याद : २०७९/१२/०९ देखि २०७९/१२/२३ गतेसम्म
११) **आवश्यक कागजातहरू :**
क) हस्तलिखित आवेदन।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि दुई थान।
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि दुई/दुई थान।
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि दुई थान।
ङ) पासपोर्ट साइजको फोटो दुई थान।
१२) आवेदन दिने स्थान : श्री नेराआवि, झबराहा, पर्सा।
१३) सम्पर्क मिति : २०७९/१२/२४ गते।
१४) सम्पर्क नम्बर : ९८४५१३०६१०/९८१४२०६४६७

नोट : दरखास्त दस्तुर जम्मा गर्ने बैंक सानिमा बैंक, पर्सागढी शाखा
खातावालाको नाम : श्री नेराआवि, झबराहा, पर्सागढी नपा-३, पर्सा
खाता नम्बर : ०६३०१००१००००६५


## सट्टेबाजीमा एजेन्ट बनेर ...

पेप्सीकोला र भक्तपुरको लोकन्थलीमा प्रहरीले गरेको खोज अनुसन्धानमा उनीहरू सट्टेबाजी खेलमा प्रयोग हुने 'वान-एक्स बेट'का एजेन्ट रहेको पाइएको उनको भनाइ छ। उनीहरूले विभिन्न सेवाप्रदायक टेलिकम कम्पनीका ३३६ भन्दा बढी सिमकार्ड प्रयोग गरेको पनि अनुसन्धानका क्रममा खुलेको छ।

उनीहरूमध्ये दिलीपले विगत एक वर्षदेखि, भुपालराज न्यौपानेले विगत नौ वर्षदेखि, नयनराजले विगत छ वर्षदेखि, वरुणकुमारले विगत छ महीनादेखि, शिवानीले आफ्नै नाममा खाता खोली रोशनी गुरुङलाई उक्त खाता चलाउन दिई विगत आठ महीनादेखि र वासुदेव पाण्डेले एक महीनादेखि वान-एक्स बेटमा सट्टाबाजी गर्ने एजेन्टका रूपमा काम थालेको अनुसन्धानमा देखिएको छ।

उनीहरूले रकम सङ्कलन र भुक्तानी गरेका आधारमा कमिशन निर्धारण हुने भएकाले त्यसको लोभमा विभिन्न व्यक्तिलाई फसाएर उनीहरूको नाममा डिजिटल वालेटमा खाता खोलेर कारोबार गर्ने गरेको पाइएको छ।

उनीहरूमध्ये दिलीप, भुपालराज र नयनराजको नाममा रहेका आठवटा र आफन्तका नाममा दुईवटा नक्कली कम्पनीको नाममा दुईवटा कर्पोरेट खातासहित १२ वटा खाता सञ्चालन गरी बेटिङ कारोबार गर्ने गरेको पाइएको छ।

तीमध्ये नौवटा खाताको कारोबार हेर्दा हालसम्म कुल रु सात करोड ७७ लाख ८७ हजार कारोबार भएको देखिएको छ। प्रहरीका अनुसार वरुणको खातामा ८२ लाख, शिवानीको खातामा ४७ लाख कारोबार भएको पाइएको छ।

प्रहरीको अनुसन्धानमा फेला परेको तथ्य अनुसार उनीहरूले अन्य ३५ जना व्यक्तिको नाममा डिजिटल वालेटमा खाता खोली रु ४१ करोड र अन्य १५ जना व्यक्तिका ३४ वटा खातामा १२ करोड २५ लाख कारोबार गरेको पनि फेला पारेको छ। पक्राउ परेकाहरूको खाताबाट भने रु आठ करोड आठ लाख कारोबार भएको पाइएको छ।

उनीहरूलाई पक्राउ गरी मुलुकी अपराध संहिताको दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न नहुने कसुर अन्तर्गत जिल्ला प्रहरी परिसर, भक्तपुर र काठमाडौंले अनुसन्धान थालेको छ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# जन्मदिनमा पर्साका दलितलाई भोज

प्रस, वीरगंज, ९ चैत/

पिस फर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको आयोजना तथा



तस्वीरः प्रतीक

अमेरिका बस्ने प्रकाश आचार्यको आर्थिक सहयोगमा वीरगंज महानगरपालिका-१९ विन्ध्यवासिनीको केहुनिया टोलाका दलितबस्तीमा बिहीवार सामूहिक भोज गरिएको छ।

सिन्धुली जिल्ला दुधौली नपा-४, पाखाटोल डकाहा घर भई हाल अमेरिकामा बस्दै आएका प्रकाश/रितु आचार्यका छोरा प्रेरित आचार्यको १७औं जन्मदिनको अवसरमा आज २१० जना दलितलाई भोजन गराइएको पिस फर दलित फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए। उनले सामुदायिक निश्शुल्क टयुसनका १६५ जना बालबालिका र टोलका दलितहरू गरी २१० जनालाई भोजन गराइएको बताए।

आचार्यले छोराको जन्मदिनमा दलितहरूलाई भोजन गराउन रु ४० हजार पठाएका थिए।

आचार्य परिवारले पिस फर दलित्स फाउन्डेशन नेपालको सहयोगमा सञ्चालित दलित बालबालिकाको लागि निश्शुल्क टयुसन कक्षा र दलित बालबालिकाको शिक्षामा पहुँच, विद्यालय टिकाउ, गुणस्तरीय शिक्षामा प्रोत्साहन र जागरूकताका लागि निरन्तर सहयोग गर्दै आएको छ।

कार्यक्रममा फाउन्डेशन सचिव दीपेन्द्र राम, सदस्य अशोक राम, सुरेन्द्र पासवान, संजोग रामलगायतको सहभागिता थियो।

# कुखुरा फर्ममा आगलागीबाट क्षति

प्रस, वीरगंज, ९ चैत/

वीरगंज महानगरपालिका-२४ रामगढवास्थित ओम कृषि फर्ममा बिहीवार बिहान आगलागी भएर करीब रु आठ लाखको क्षति भएको छ।

बिहान ११ बजे विद्युत् सर्ट भएर आगलागी भएको र महानगरको वारुणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा आएको थियो।

सो फर्ममा हिजो मात्र चार हजार लेयर्स कुखुराका चल्ला राखिएको र सोमध्ये आज आगलागीमा परेर करीब डेढ हजार चल्ला मरेको तथा फर्ममा रहेको एउटा ट्याक्टर पनि जलेको सञ्चालिका सीमा यादवले बताइन्।


## सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं ।

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिन्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समयसमयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिन्डर लिँदा सिल भए/नभएको तथा सिलिन्डरको समयावधि अनिवार्यरूपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शङ्कास्पद) सिलिन्डर घरमा नल्याऔं।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाइटरको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# शैक्षिक सुधारका लागि बैठक

प्रस, पर्सागढी, ९ चैत/

पर्सागढी नगरपालिका-४ स्थित नेरामावि बर्वाछटैलीको शैक्षिक सुधारका लागि शिक्षक-अभिभावक सङ्घको बैठक सम्पन्न भएको छ।

शिक्षक-अभिभावक सङ्घका अध्यक्ष नरेश यादवको अध्यक्षतामा बसेको बैठकले आगामी २०८० सालको नयाँ भर्ना अभियान बृहत्‌रूपमा सञ्चालन गर्ने, विद्यार्थीहरूको परीक्षा लिएर योग्यता अनुसार भर्ना लिने, अभिभावकहरूलाई विद्यालयका गतिविधिबारे जानकारी गराउने जस्ता निर्णय गरिएको अध्यक्ष यादवले बताए।

बैठकमा शिक्षक-अभिभावक सङ्घका सदस्य फिरोज मियाँ, जैनुद्दीन अन्सारी, हरिन्द्र यादव, रुक्मणि माझी, चेतना बाँस्तोला, विद्यालय व्यवस्थापन समितिका सदस्य राजकिशोर चौरसिया, शिक्षक महासङ्घका प्रतिनिधि कृष्ण श्रेष्ठ, आसिया कुमारी, सदस्यसचिव रामबहादुर चौधरीलगायतको सहभागिता थियो।

# विद्यालय बाटोको शिलान्यास

प्रस, वीरगंज, ९ चैत/

सिद्धार्थ माविमा निर्माण हुने बाटोको बिहीवार नगरप्रमुख राजेशमान सिंहले शिलान्यास गरेका छन्।



विद्यार्थीहरूलाई आवतजावतमा सहजता प्रदान गर्न विद्यालयले निर्माण गर्न लागेको बाटोको शिलान्यास गर्दै नगरप्रमुख सिंहले महानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको गुणस्तर वृद्धि गरिने बताए। उनले विद्यार्थीहरूलाई अनुशासित भएर अध्ययनका साथै अतिरिक्त क्रियाकलापमा सहभागी हुन सुझाए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द सङ्घई, प्रअ अनिल वर्णवाल, शिवशङ्कर पटेल, नगरप्रमुखका प्रेस सल्लाहकार महेश दासलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## जगदम्बा जीतपुरसिमरा गोल्डकपको १३ औं संस्करण शुरू

## उद्घाटन खेलमा केबिए ग्लोबल, चितवन विजयी

प्रस, जीतपुर, ९ चैत/

विगत १२ वर्षदेखि सञ्चालित जगदम्बा जीतपुरसिमरा गोल्डकपको १३औं संस्करण बिहीवारदेखि सिमरामा शुरू भएको छ।

फ्लड लाइटमा आज साँझ ६ बजेपछि शुरू भएको प्रतियोगिताको उद्घाटन बाराका सांसद एवं नेकपा (एकीकृत




समाजवादी)का नेता कृष्णलाल श्रेष्ठ किसानले गरेका थिए। उनले खेलकूदको विकासका लागि आफूबाट सक्दो सहयोग हुने आश्वासन दिए। खेलको महत्त्व बढ्दै गएको र खेलको माध्यमबाट देशको पहिचान अन्तर्राष्ट्रियस्तरमा भएको बताए। उद्घाटन कार्यक्रम क्लबका अध्यक्ष रामचन्द्र लामाको अध्यक्षतामा भएको थियो भने प्रदेशसभा सदस्य देवनारायण चौधरी, जीतपुरसिमरा उपमहानगपालिकाका प्रमुख राजन पौडेल, संविधानसभा सदस्य डा शोभाकर पराजुलीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

उद्घाटन खेल आयोजक नव जनजागृति युवा क्लब, सिमरा र केबिए ग्लोबल भरतपुर फूटबल क्लब, चितवनबीच भएको थियो।

खेलमा केबिए ग्लोबल, चितवनले आयोजक नव जनजागृतिलाई १ का विरुद्ध ३ गोलअन्तरले पराजित गऱ्यो।

आजको खेलको म्यान अफ द म्याच २ गोल गरेका चितवनका सुनील श्रेष्ठ घोषित भए।

प्रतियोगितामा पाँचवटा 'ए' डिभिजन क्लबसहित १० वटा टीमको सहभागिता छ। साबिक विजेता न्युरोड टीम एनआरटी, एपिएफ फूटबल क्लब, हिमालयन शेर्पा क्लब, चर्च ब्वाइज युनाइटेड, सातदोबाटो युथ क्लब, बिएफसी चितवन, मकवानपुर-११ हेटौंडा, वाग्मती युवा क्लब, सर्लाही, वीरगंज युनाइटेड क्लब र आयोजक नव जनजागृति युवा क्लबको सहभागिता छ।

चैत १८ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँच लाख नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल वा स्कूटर, यसैगरी उत्कृष्ट प्रदर्शन गर्ने विधागत पुरस्कारतर्फ गोलरक्षक, डिफेन्स, मिडफिल्ड, फरवार्ड, सर्वाधिक गोलकर्ता, प्रशिक्षकले जनही २० हजार नगद प्राप्त गर्नेछन्। आयोजकले यस वर्ष पनि उदीयमान स्थानीय खेलाडीलाई १५ हजार नगदले पुरस्कृत गर्ने बताएको छ।

## क्रिकेट खेलाडीद्वय र कोच सम्मानित

प्रस, वीरगंज, ९ चैत/



तस्वीरः सौजन्य

ज्ञानदा एकेडेमीले खेलाडीद्वय आरिफ शेख र आसिफ शेख तथा कोच जहुर अन्सारीलाई बिहीवार सम्मान गरेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीपकुमार तुलस्यान, वित्तीय निर्देशक विनीत लोहिया र कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले उनीहरूलाई सम्मान गरेका हुन्। आइसिसी विश्वकप क्रिकेट लिग-२ मा उत्कृष्ट प्रदर्शन गरेर नेपालले एकदिवसीय विश्वकप छनोटको यात्रा तय गरेपछि दुवै खेलाडीलाई सम्मान गरिएको हो।

कार्यक्रममा खेलाडीद्वय शेखले छात्रछात्राहरूको जीवनमा खेलले महत्त्वपूर्ण भूमिका राख्ने भन्दै यसले जीवनको हरेक क्षेत्रमा अनुशासित बनाउने बताए।

## एशियन कप छनोटमा नेपाल समूह 'बी' मा

काठमाडौं, ९ चैत/रासस

उज्वेकिस्तानमा आयोजना हुने एएफसी यू-२० महिला एशियन कप छनोट-२०२४ फूटबल प्रतियोगिता अन्तर्गत दोस्रो चरणको छनोटमा नेपाल समूह 'बी'मा परेको छ।

एशियाली फूटबल महासङ्घ (एएफसी)ले आज सार्वजनिक गरेको समूह विभाजन अनुसार नेपाल समूह 'बी'मा परेको हो। नेपालको समूहमा चीन, म्यानमा र चाइनिज ताइपेई रहेका छन्।

समूह 'ए'मा अस्ट्रेलिया, भियतनाम, इरान र लेबनान रहेका छन्। यसअघि प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल दोस्रो चरणमा पुगेको हो। त्यति बेला नेपाल आफ्नो समूहको विजेता बन्दै दोस्रो चरणमा पुगेको हो। नेपालले पहिलो खेलमा प्यालेस्टाइन र दोस्रो खेलमा नर्दन मारियाना आइल्यान्डलाई पराजित गरेको थियो।

दोस्रो चरणको छनोट आगामी जून ३ देखि ११ तारिखसम्म हुनेछ। जसबाट उत्कृष्ट चार टोलीले उज्वेकिस्तानमा हुने यू-२० महिला एशियन कप खेल्नेछन्। उज्वेकिस्तानमा हुने यू-२० महिला एशियन कप २०२४ मार्चमा हुनेछ। यू-२० महिला एशियन कपमा विभिन्न १६ टोलीले प्रतिस्पर्धा गर्नेछन्।

## तिलोत्तमा गोल्डकप : उपाधिका लागि मनाङ मर्स्याङ्दी र सुदूरपश्चिम-११ भिड्ने

काठमाडौं, ९ चैत/रासस

बुटवलमा जारी तिलोत्तमा गोल्डकप अन्तर्गतको आजको अन्तिम सेमिफाइनल खेलमा मनाङ मर्स्याङ्दी क्लबले फ्रेन्ड्स क्लबलाई हराउँदै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

बुटवल देवीनगरस्थित एन्फा टेक्निकल सेन्टरको मैदानमा भएको अन्तिम सेमिफाइनल खेलमा फ्रेन्ड्स क्लबलाई टाइब्रेकरमा पराजित गर्दै मनाङ फाइनलमा पुग्न सफल भएको हो। यससँगै अब तिलोत्तमा गोल्डकप उपाधिका लागि मनाङ र सुदूरपश्चिम-११ भिड्नेछन्। प्रतियोगिताको फाइनल खेल शनिवार हुनेछ।

निर्धारित समयमा दुई/दुई गोल बराबरीमा टुङ्गिएको खेलको टाइब्रेकरमा फ्रेन्ड्स क्लबका असीम भुसाल र डोना थापाको प्रहार असफल भएपछि मनाङको जीत सुनिश्चित भएको हो। जसमा मनाङ ४-३ गोलले विजयी भयो।

खेलको सुरुआती अग्रता भने फ्रेन्ड्स क्लबले लिएको थियो। पहिलो हाफको सातौं मिनेटमा फ्रेन्ड्सका रफिक अमिनोले गोल गरेका थिए। खेलको २६औं मिनेटमा लक्ष्मण रूचालको क्रसमा उत्तम राईले गोल गर्दै टीमलाई २-० को अग्रता दिलाए।

पहिलो हाफको इन्जुरी समयमा मनाङका आशिष गुरुङले गोल गर्दै टीमलाई २-१ को स्थितिमा ल्याए। पहिलो हाफसम्म २-१ को अग्रता बनाएको फ्रेन्ड्स क्लब दोस्रो हाफको दुई मिनेटमैं गोल खान पुग्यो। मनाङका प्रसन्न श्रेष्ठले बराबरी गोल गरे। त्यसपछि दुवै टीमबाट गोल हुन सकेन र नतीजा टाइब्रेकरबाट लिइएको थियो।

असीमको प्रहार गोलपोस्टको माथिल्लो भागमा ठोक्किएर बाहिरिएको थियो भने डोनाको प्रहारलाई विपक्षी कीपरले फर्काएर असफल बनाइदिए। आजको खेलमा मनाङका क्याप्टेन आशिष गुरुङ 'म्यान अफ दी म्याच' घोषित भए। मनाङले गोल्डकपको उपाधिका लागि अब सुदूरपश्चिम-११ सँग चैत ११ गते प्रतिस्पर्धा गर्नेछ।